# नेपाल सहयोग योजना २००४-२००८

## सूची

सूची | पन्ना नं.

सारांश

भाग १ : परिप्रेक्ष्य

क. चुनौती
– राष्ट्रिय गरिवीको रुपरेखा
– गरिवीका कारणहरु

ख. गरिवी निवारण रणनीति दस्तावेज
– मूल्यांकन
– जोखिम र चुनौतीहरु

ग. हामीले के सिक्यौं

भाग २ : प्रतिक्रिया

घ. संयुक्त अधिराज्य विकास–साझेदारी
ङ. कार्यक्रमका क्षेत्रहरु
च. अनिश्चिततासँग सामना
छ. कार्यक्रमको लागि स्रोत-साधनहरु
ज. प्राथमिकिकरण
झ. अनुगमन र प्रतिवेदन
ञ. दीर्घकालीन विकास

भाग ३ : अनुगमन तालिका*

अनुसूचीहरु*

अनुसुची १. नेपाल सहयोग योजना तयार गर्न अपनाईएको प्रक्रिया
अनुसुची २. नेपालमा भएको द्वन्द र उल्लेखनीय घटनाक्रम, १९९६-२००३
अनुसुची ३. सहस्राब्दी विकास लक्ष्यहरु तर्फको प्रगती
अनुसुची ४. नेपाल सहयोग योजनाको खर्च विवरण
अनुसुची ५. **DFID** आर्थिक वर्ष २००२/०३ को विभागीय कार्य-सम्पादनको सारांश
अनुसुची ६. **DFID** विभागहरुबाट ने.स.यो. का लागी लगानीको आवश्यकता
अनुसुची ७. गरिवी निवारण रणनीति दस्तावेज कार्यक्रमको सहयोगको लागि साझेदारी विश्लेषण

*भाग ३ र अनुसुचीहरु ४ देखी ७ सम्मका अभिलेख ***DFID*** को वेभ साइट *www.dfid.gov.uk* मा विद्युतिय मिसिल (अंग्रेजी भाषामा) पाउन सक्नु हुनेछ। यी समय समयमा आवश्यक अनुसार परिवर्तन हुन सक्दछन्। सोधपुछको लागी *enquiry@dfid.gov.uk* मा इ-मेल पठाउन सक्नु हुनेछ।

यसको लागी कृपया फोन नं. ००४४ ८४५ ३००४१०० अथवा तलको ठेगानामा पत्राचार गर्नुहोला। *Enquiry Point, DFID, Abercombie House, Eaglesham Road, East Kilbride, Glasgow G75 8EA, Scotland, UK.*

चित्रण: थोमस एल. केली

# सारांश

यो नेपाल सहयोग योजना (ने.स.यो.) नेपाल र बेलायत सरकार र अन्य व्यक्तिहरुसँग सरसल्लाह गरी तयार गरिएको हो। आउँदो तीन/चार वर्षहरुका लागी हाम्रो सहयोगका प्राथमिकताहरु, साझेदारीहरु र प्रतिरुपहरु यसले देखाउँदछ। यो मुख्यतया **DFID** नेपालसँग काम गर्न इच्छुक हाम्रा साझेदारहरु र समूहहरुको लागि तयार गरिएको हो। तैपनी हामी यो आशा गर्दछौं कि नेपालमा विकासको लागि चाख लिने जोसुकैको लागि पनि यो उपयोगी हुनेछ।

हालका दशकहरुमा राम्रो आर्थिक बृद्धि र लगानीमा बृद्धिभए पनि दक्षिण एशियामा नेपाल अति गरिब देशहरुमध्ये एक भएको छ किनभने आर्थिक बृद्धिले ग्रामीण क्षेत्रका जनताहरु लभान्वीत भएनन्।

नेपाल अहिले इतिहासकै कठिन घडीबाट गुज्रिरहेको छ। नेपालमा हालसम्म भएको प्रगतिलाई सन् १९९६ मा सुरु भएको नागरिक द्वन्दले प्रभावित पारेको छ र विकासको लागि ठूलो बाधक हुन पुगेको छ। नेपालको अहिलेको प्रमुख समस्याहरु द्वन्दमा केन्द्रित हुन गएका छन्। यसले जनताहरुमा विभिन्न समस्या र अनावश्यक अड्चनहरु ल्याएको छ, र यसले विकास कार्यमा ठूलो बाधा पुर्‍याएको छ। धेरै नेपालीहरु चरम गरिवी, असमानता र कमजोर शासन प्रणालीबाट गुज्रनु नै द्वन्दको पृष्ठभूमि हो। अहिले देशको सामुन्ने सबैभन्दा प्रबल चुनौती भनेको दिगो शान्तिका लागि त्यस्तो आधार तयार गर्नु हो जसले द्वन्दको मूल कारकहरुलाई प्रत्यक्ष रुपमा सुल्झाई आर्थिक र सामाजिक रुपान्तरणको कार्यमा सहयोग पुर्‍याओस्।

सयुक्त अधिराज्य विकास सहयोगको सम्पुर्ण उद्देश्य नेपालको समस्तरुपमा गरिवी र सामाजिक बहिष्कारलाई घटाई दिगो शान्ति स्थापनाको लागी सहयोग गर्नु हो। हाम्रो कार्यक्रममा अहिले देखापरेका द्वन्दका मूख्य कारकहरुलाई सम्बोधन गरिएको छ। यो कार्यक्रम हामीले समर्थन गरेको श्री ५ को सरकारको गरिवी निवारण रणनीति दस्तावेज(ग.नि.र.द.) मा आधारित छ। त्यसैले यो ने.स.यो. पूर्णतः ग.नि.र.द.को चार आधारस्तम्भमा आधारित छ, साथमा शान्ति स्थापना गर्ने थप एक उद्देश्य पनि गाभिएको छ।

नेपालको अत्यन्त अनिश्चित वातावरणको परिप्रेक्ष्यमा अचानक देखापर्ने र चांडै अदृश्यहुने मौकाहरुलाई तुरुन्त छोप्न हामिले कार्यक्रमलाई लचिलो बनाएका छौं।

हामीले संयुक्त अधिराज्य सरकारका अन्य विभागहरुका साथै परराष्ट्र र राष्ट्र मण्डल कार्यालय र रक्षा मन्त्रालयसँग वार्षिक रुपमा सहमत हुने गरेको संयुक्त-विश्व द्वन्द निवारण साझा रणनीति मार्फत् पनि नजिक भएर काम गर्नमा निरन्तरता दिने छौं।

## क. चुनौती

१.१ चार दशकको विकास प्रयासमा हालसम्म अति ठूलो सहायताको राशी ओइरिएको देखिए पनि नेपालको गरिवी निवारण अभिलेख मिश्रित छ । पांच नेपालीहरु मध्ये दुईजना गरिवीको अवस्थामा रहेको कारणले यो देश दक्षिण एशियाकै सबभन्दा गरिव देशहरुमध्ये एक भएको छ । यद्यपी शहस्राब्दी विकास लक्ष्य (श.वि.ल.) का केही मुख्य लक्ष्यहरु प्राप्तिमा राम्रो प्रगति भए पनि धेरै कुराहरु गर्न अझ बाँकी नै छन् ।

१.२ न्यून आय र कुपोषण सर्वव्यापी छ । सन् १९९० को मध्यदेखि हालसम्म राष्ट्रिय गरिवीको रेखामुनि बसेका मानिसहरुको समानुपातिक संख्या केही मात्रा घटेको छ भने पाँच वर्षमुनिका सबै बालबालिकाहरुको आधा संख्या कुपोषणग्रस्त छन् । यतिका चुनौतीहरु भए पनि तथ्यांक[१]हरुले देखाउँछन् कि नेपालले श.वि.ल.को बाल मृत्यु दरको लक्ष्य र स्वच्छ पानीको पहुँच पुऱ्याउने लक्ष्य हासिल गर्न सक्तछ, तर सरसफाईमा भने यो संभव देखिदैन । शिक्षामा पनि केही प्रगतिहरु भएका छन् । प्राथमिक कक्षामा भर्ना ७० प्रतिशत पुगेको छ र विद्यालयहरुमा लैङ्गिक समानता बढदो क्रममा छ । तर मातृ मृत्यु अझै ज्यादै धेरै छ र दक्ष स्वास्थ्य कर्मचारीले प्रसुति सेवा पुऱ्याउने दर संसारको सबभन्दा कम नै नेपालमा छ ।

१.३ नेपालमा लगानी र आर्थिक बृद्धिदरले मात्र गरिबी निवारणको लक्ष्य हाँसिल हुँदैन । गत केही दशकहरुमा नेपालले लगानी र आर्थिक बृद्धिदरहरु[२] मा राम्रो प्रगति हासिल गरेको छ र समग्र आर्थिक स्थिरता कायम गर्ने पक्षमा पनि सफलता हासिल गरेको छ । तैपनी असमानताहरु झन बढेका देखिन्छन् र ग्रामीण क्षेत्रहरुमा बस्ने धेरै जसो नेपालीहरुले आफ्नो आयमा वा जीवनस्तरमा केही सुधारहरु भएको देखेका छैनन् । खास गरेर महिलाहरु र विकट क्षेत्रहरुमा बस्नेहरुका लागि जीवन कष्टप्रद नै छ । महिलाहरु, आदिवासी जनजाति समूहहरु र दलितहरु[३] विरुद्ध गरिने जातीय भेदभाव कानूनी रुपले हटाए पनि समाजमा छुवाछुत र भेदभाव अझ विद्यमान नै छ ।

१.४ सन् १९९६ देखि नागरिक द्वन्द चर्कदै गइरहेको छ, (अनुसूची ख) । जसले गर्दा विगतका प्रगतिलाई अवमुल्यन भएकोछ । हाल आएर नेपालको झण्डै दुई तिहाई भू-भागमा माओवादीहरुको बलियो उपस्थिति भएको छ । यी क्षेत्रहरुमा प्रभावकारी रुपमा कार्य गर्न बाह्य विकास निकायहरु र तिनीहरुका कार्यक्रमहरु, सरकार र माओवादी दुवैलाई मान्य हुने खालका हुनु पर्दछ ।

१.५ द्वन्दको पृष्ठभूमि, भेदभाव, कमजोर शासन, असमानता र अति गरिवी नै हुन् । ग्रामीण गरिवी र यी समस्याहरुमा ध्यान केन्द्रित हुनु अति आवश्यक भैसकेको छ । हाल द्वन्द नै विकासको ठूलो बाधक भएको छ । अहिले देशको सामुन्ने सबैभन्दा प्रबल चुनौती भनेको दिगो शान्तिका लागि त्यस्तो आधार तयार गर्नु हो जसले द्वन्दको मूल कारकहरुलाई प्रत्यक्ष रुपमा सुल्झाई आर्थिक र सामाजिक रुपान्तरणको कार्यमा सहयोग पुऱ्याउनु हो ।

१.६ श्री ५ को सरकारको गरिवी निवारण रणनीति दस्तावेज (ग.नि.र.द.) २००३-०७ ले यस्तै किसिमको परिवर्तन ल्याउने लक्ष्य राखेको छ, जसलाई **DFID** को नेपाल सहयोग योजना (ने.स.यो.) ले सहयोग पुऱ्याउने छ । विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्राकोष (अ.मु.को.) **DFID** विकासका अन्य साझेदारहरुसँगको सरसल्लाह अनुसार ग.नि.र.द.ले कार्यक्रम र राम्रो सहयोग गर्न सक्ने विश्लेषण गरेका छन । विश्व बैंक र अ.मु.को.ले सन् २००३ को नोभेम्बरमा ग.नि.र.द. को संयुक्त कर्मचारी मूल्याङ्कनलाई स्वीकृत गरेको छ ।

## राष्ट्रिय गरिवी विवरण

१.७ प्रति व्यक्ति प्रति वर्ष आय २५० डलर भएको नेपाल कुनै पनि मापदण्डले गरिव ठहरिन्छ । ग्रामीण र शहरी क्षेत्रहरुको आयमा ठूलो भिन्नता छ (चित्र १) । काठमाडौं उपत्यकामा गरिवीदर ४ प्रतिशत मात्र छ तर ग्रामीण नेपालमा यसको दश गुणा बढी छ ।

चित्र १: आर्थिक गरिबी




स्रोत: १९९५/९६ नेपाल जीवनस्तर सर्वेक्षण

[१] श.वि.ल.का कतिपय नयां तथ्याङ्क तुरुन्त उपलब्ध छैनन् । अधिक जानकारीका लागि अनुसूची ग हेर्नुहोला ।

[२] विगत दुई दशकका कुल ग्राहस्थ उतपादन करिब ५% मात्र रहेको छ (कृषि बाहेक अन्य क्षेत्रमा ७%) यद्यपी हालका वर्षमा वृद्धि दरमा ह्रास आएको छ ।

[३] तल्लो जातका भनिएका व्यक्तिहरुलाई समुहगत रुपमा दलित भनिन्छ , जो नेपालको जनसंख्याको १५ प्रतिशत छन् । हिन्दु धर्मका जातहरुबाट प्रभावित सामाजिक-सांस्कृतिक भिन्नताका आधारमा पहिचान गरिएका ५९ जनजाति समुहहरुको संख्या नेपालको जनसंख्याको ३७ प्रतिशत हुन आउंछ ।

### चित्र २ : मानव विकासमा असमानता




मानव विकासलाई निम्न तहमा वर्गीकरण गरिएको छ, उच्च (८०० भन्दा माथी), मध्यम (५००-८००) अथवा निम्न (५०० भन्दा मुनी)। मानव विकास अनुसूची देशले हाँसील गरेको ३ बुँदाहरू औषत आयु, शिक्षा र जीवनस्तरको मूल्यांकनमा आधारित हुन्छ।

स्रोतः यु.एन.डि.पी. मानव विकास प्रतिवेदन २००३ (www.undp.org)

एकदम विकट दुर्गम क्षेत्रहरुमा यो विभिन्नता अझ बढी छ (मध्य र सुदूर पश्चिममा ७२ प्रतिशत गरिवी छ)। लिङ्ग, जात र जनजातिमा पनि आयको ठूलो भिन्नता देखिन्छ। खास गरेर महिलाले नेतृत्व गरेको परिवारको आय पुरुषले नेतृत्व गरेको परिवारको आयभन्दा कम छ। साला-खाला दलितहरुले माथिल्लो जातका व्यक्तिहरुले भन्दा आधा मात्र कमाउँदछन्। आदिवासी जनजातिहरुको लागि यसको अनुपात न्यून मात्रामा बढी छ।

१.८ यस्ता असमानताहरु आर्थिक क्षेत्रमा मात्र सीमित छैनन्। मानव विकास सूचाङ्कहरु (मा.वि.सू.) अनुसार क्षेत्रीय असमानताहरु पनि निकै टड्कारो छन् (चित्र २)। ग्रामीण क्षेत्रहरुका मा.वि.सू.हरु शहरी क्षेत्रहरुका सूचाङ्कहरु भन्दा ३० देखि ४० प्रतिशतले कम छन्। जसमध्ये, माथिल्लो जातको भन्दा दलितहरुको मा.वि.सू.हरु आधामात्र छन्। पहाडी जनजाति समूहरुको स्थिति अलिकति मात्र सुधारिएको छ। पुरुष र महिलाहरुको बीचमा पनि निकै भिन्नता छ। उदाहरणको लागि झण्डै चार खण्डको तीन खण्ड नेपाली महिलाहरु लेखपढ गर्न जान्दैनन् तर एक तिहाई मात्र पुरुषहरु लेखपढ गर्न जान्दैनन्। त्यस्तै, महिलाहरु पुरुषहरुको तुलनामा आधा मात्र विद्यालय जान्छन्।

## गरिवीका कारणहरु :

१.९ गरिवी घटाउने कार्य, अन्य स्थानहरुमा जस्तै, केही अंशमा आर्थिक बृद्धि, समग्र आर्थिक स्थायित्व र राम्रो लगानी वातावरणमा निर्भर गर्दछ। नेपालमा सार्वजनिक संस्था र वित्तिय बजारका असक्षमताले आर्थिक बृद्धिलाई बाधा पुऱ्याएका छन्। तर संरचनात्मक समस्याहरु पनि उत्तिकै छन्। बढीनै सरलीकरण हुने भएपनि विकासका प्रमुख महत्वका कारकहरु निम्न बमोजिम दिइएको छ :

- असमान विकास : गत चार दशकका विकास प्रयास (र सार्वजनिक खर्च[४]) का फाइदाहरु काठमाडौं उपत्यका, यसका वरिपरिका क्षेत्रहरु र केही शहरी क्षेत्रहरुलाई मात्र उपलब्ध भएका छन्। प्रभावकारी वितरण संयन्त्रहरुको अभावका कारण गैर कृषि क्रियाकलापहरुको द्रुत बृद्धिले शहरी क्षेत्रहरुलाई मात्र फाइदा गरेको छ। विगतमा गरेको सार्वजनिक कार्यहरुले ग्रामीण विकासलाई बढावा दिन सकेनन्। यस्तो हुनमा कमजोर सार्वजनिक स्रोत र साधनको व्यवस्थापन र कार्यान्वयन, दुर्बल संस्थाहरु, स्थानीय सरकार र समुदायहरुको वीचमा सहभागिताको अभाव, धेरै समुदायहरुलाई सेवाहरु र बजारहरुबाट अलग्याएका कारणहरुले योगदान पुऱ्याएको छ। यसको परिणाम स्वरुप ग्रामीण र बढी दुर्गम क्षेत्रहरु अति कमजोर आर्थिक प्रणालीमा निर्भर भई विकासबाट बञ्चित भए। त्यसैले यी क्षेत्रहरुमा आधारभूत सामाजिक सेवाहरु र पूर्वाधारहरु जस्तै प्राथमिक शिक्षा, स्वास्थ्य सेवा, पिउने पानी र सडकहरु कमी भएका छन्।
- शासनको असफलता : धेरै समस्याहरुको कारण राजनीतिक व्यवस्थाको बेवास्ताले गर्दा भएका छन्। राजनीति र सरकारी निकायहरुमा ठालु वर्गको प्रभुत्व छ, जसले सम्पूर्ण जनताहरुको

[४] उदाहरणका लागि मध्य पश्चिम र सुदूर पश्चिम क्षेत्रमा कूल सार्वजनिक खर्चको सरदर ११ प्रतिशत मात्र खर्च भएको छ जबकि त्यहाको जनसंख्या कूल जनसंख्याको २२ प्रतिशत रहेको छ।

प्रतिनिधित्व गर्दैन । यो व्यवस्था गरिबहरुको हितकारी हुन नसकेको र काठमाडौं उपत्यकामा धेरै केन्द्रित भएको देखिन्छ । भ्रष्ट काम गर्नेहरु विना सजाय उम्कने संस्कृतिको विकास भएकोले धेरै ठूलो भ्रष्टाचार हुन थाल्यो र हाल आएर द्वन्द सँग सम्वन्धित मानव अधिकार हनन् पनि विना कुनै रोकावट हुन थालको छ । विकेन्द्रिकरणमा अलिकति मात्र प्रगति भएकोछ ।

- भेदभाव : नेपालको तहगत जातिगत सामाजिक प्रणालीको कारणले परम्परागत रुपमा ठालु वर्गको मात्र शिक्षामा पहुँच पुग्यो, रोजगारी र अन्य अवसर पनि तिनीहरुले नै लिए । यद्यपी यस्तो प्रणालीमा विस्तारै परिवर्तन हुँदै आएको भए तापनि सामन्ती प्रथा अझैपनि सशक्त छ । आर्थिक र राजनैतिक नीति निर्माणमा उच्च जातका समूहहरु अन्य सबै तहमा आधिपत्य जमाएको छ । साधारणतया, दलित र आदिवासी जनजाति समूहहरु र महिलाहरुको आवाज र प्रभाव छंदै छैन् । महिलाहरुलाई कानूनी र परम्परागत मान्यताहरुले शिक्षामा पहुँच, सम्पत्तिमा हक र नोकरी अवसर बाट पनि विमूख गरिएको छ । अधिकार र प्रभावको भेदभावमा दुर्गमताले पनि सहयोग पुऱ्याएको छ ।

- द्वन्द : गरिवी र असमानता, भ्रष्टाचार, अख्तियारको दुरुपयोग, सामाजिक र राजनीतिक अधिकारबाट वञ्चित र ठालू वर्गका व्यक्तिहरुको समूहहरुको दवाव ले साधारण जनताको निराशमा उर्जा भर्ने काम गरेको छ । विकासको असफलताले मद्दत गरेका होईन । यी समाजमा व्याप्त समस्या र पीरमर्काहरुलाई प्रयोग गरी माओवादीहरु हिंसा र आतंङ्को बाटो बाट 'पुरानो' सत्तालाई विस्थापित गराउने योजनामा लागेका छन् । तर हाल आएर द्वन्द आफै विकासको ठूलो बाधक भएको छ । द्वन्दले प्रभाव पारेका क्षेत्रहरुमा गरिवी झन् बढ्न गएको छ



सामुदायिक धारा, हेटौडा (मकवानपुर जिल्ला- मध्य तराई)

उच्च सतर्कतामा एक प्रहरी चौकी - मकवानपुर जिल्ला (मध्य तराई)



र यसको असर राष्ट्रिय तहसम्म पुगेको छ । यसले विकास कार्यहरुमा ठुलो बाधा उत्पन्न गरेको छ, सार्वजनिक र नीजि सम्पत्तिको नोक्सान भएको छ, युवा र सक्षम व्यक्तिहरु पलायन भएका छन्, जनताहरु विस्थापित भएका छन् र खाद्य सुरक्षामा कमी हुन गएको छ । माओवादी तथा सरकार दुवैतर्फबाट मानव अधिकार उल्लंघनका घटना बढेर गएको छ । राष्ट्रिय स्तरमा प्रति व्यक्ति आय बृद्धि दर २००१/०२ मा नकारात्मक भएको छ । द्वन्दले गर्दा बजेटमा चाप बढेर गत १० वर्षको अवधिमा सन २००२-२००३ मा सबभन्दा कम विकास खर्च भएको छ । तर द्वन्दले सामाजिक अन्यायको समस्याहरु पनि प्रकाशमा ल्याएको छ । माओवादीहरु आफ्नो नियन्त्रणमा रहेका क्षेत्रहरुमा ती समस्याहरु समाधानतर्फ लक्षित भएका छन्, तर तिनीहरुले जनताहरुलाई बलजफ्ती काममा लगाउँदा र सैनिकमा भर्ना गर्दा मानव अधिकारको अत्यन्त भयङ्कर उल्लंघन भएको छ । श्री ५ को सरकारले पनि सामाजिक अन्यायका समस्याहरु समाधान गर्न बढी प्रतिवद्धता देखाएको छ ।

## ख. गरिवी निवारण रणनीति दस्तावेज[५] (ग.नि.र.द.)

१.१० सन् २००७ सम्ममा नेपालको गरिवी ४२ बाट ३० प्रतिशतमा झार्ने यस ग.नि.र.द.मा उल्लेख गरिएको छ। यो रणनीति चार आधारस्तम्भहरुमा आधारित छ।

- वृहत्तर आर्थिक बृद्धि : आर्थिक बृद्धि तीव्ररुपमा गरी त्यसका फाइदा समान रुपमा वितरणको लागि कृषि विकासलाई द्रुत गतिमा विकास गर्न प्राथमिकता दिइएको छ। जसले ग्रामीण गरिव जनताहरुमा प्रत्यक्ष फाइदा पुग्दछ। त्यस अनुरुप, अन्य मुख्य क्षेत्रहरु जस्तै उत्पादनशील उद्योग र पर्यटन उद्योगलाई बढावा दिन नीति र कार्यक्रमहरु अवलम्बन गरिंदैछ।

- मानवीय विकास : ग्रामीण क्षेत्रहरुमा रहन सहनको विकास र गरिव जनताहरुले अवसरको फाइदा उठाई विकास गर्न सकुन भन्ने हेतुले प्राथमिक शिक्षाको व्यापकता र गुणस्तर बढाउने, आधारभूत स्वास्थ्य, स्वच्छ पिउने पानी उपलब्ध गर्ने, तथा ग्रामीण सडकहरु र ग्रामीण विद्युतीकरणलाई जोड दिइएको छ।

- सामाजिक समावेशन र लक्षित कार्यक्रम : महिला र साना समूहहरु र क्षेत्रहरुलाई विकासको मूल प्रवाहमा ल्याउने कार्य ग.नि.र.द.को एक प्रमुख उद्धेश्य रहेको छ। तिनीहरुलाई समान पहुंच दिनका लगि स्रोत-साधन, सीप, आय-आर्जन गर्ने मौकाहरु, शिक्षा, स्वास्थ र अन्य आधारभूत आवश्यकताहरुमा विशेष प्रयासहरु गरिने छ। उपेक्षित क्षेत्रहरुमा विशेष विकास कार्यक्रमहरु सञ्चालन गरिनेछ।

- सुशासनः शासन पद्धतिमा महत्वपूर्ण सुधारहरु नभएसम्म यी माथिका कुराहरुमा केही हुन सक्ने सम्भव छैन भनी ग.नि.र.द.ले स्विकार गरेको छ। त्यसैले निजामती कर्मचारीको कार्यदक्षतामा सुधार गर्ने, भ्रष्टाचार घटाउने, र जनसेवाका कार्यहरुमा सुधार ल्याउने, पारदर्शीता बढाउने र उत्तरदायीपूर्ण बनाउने कुरामा जोड दिईएको छ।

१.११ यसका साथै श्री ५ को सरकारको भूमिकालाई पुनः परिभाषित गर्नु पर्दछ र यसको भूमिका अति जरुरी सार्वजनिक क्षेत्रहरुमा मात्र सीमित राख्नु पर्दछ। नीजि क्षेत्रले आर्थिक कार्यहरु र पूर्वाधार विकासमा अग्रगामी भूमिका खेल्नुका साथै सेवा प्रदान गर्ने कार्यमा श्री ५ को सरकारको भूमिकालाई टेवा दिनेछ। विकेन्द्रिकरणलाई तीव्रता दिईने छ। विकास कार्यहरुको व्यवस्थापन र अनुगमन कार्यमा स्थानीय समुदायहरुको सहभागितालाई बढाउनेछ।

### मूल्याङ्कन

१.१२ हाम्रो विचारमा नेपालमा ग.नि.र.द.ले एकदम बलियो रुपरेखा तयार गरेको छ। यसको आधारमा सबै विकास साझेदारी (सहकर्मी) हरुले आफ्ना प्रयासहरुलाई समन्वयका साथ अघि बढाउन सक्नेछन्। ग.नि.र.द.मा देशको गरिवीको ठिक विश्लेषण गर्दै यसको लागि महत्वपूर्ण तथा सहि रणनीतिहरु तयार गरिएका छन्। तर केही अन्य मुख्य कुराहरु जस्तै पर्यावरण व्यवस्थापन, शहरीकरण, न्याय र राजनीतिक शासनमा पहुँच आदि विषय अझै पूर्णरुपमा समावेश गरिएको छैन। यसले श्री ५ को सरकार र दाताहरुले संयुक्त रुपमा प्रगति समीक्षा गर्ने व्यवस्था गरेको छ। यद्यपी अनुगमन पद्धति भने विकास गर्नु पर्नेछ।

१.१३ ग.नि.र.द. दीर्घकालीन योजनाको एक अङ्ग होईन। तर यसले दीर्घकालीन योजनाका केही मुख्य क्षेत्रहरु समावेश गरेको छ। उदाहरणको लागि दिगो विकास सम्बन्धी, कृषि, जलस्रोतहरु, शिक्षा र स्वास्थ्य क्षेत्र समावेश गरिएका छन्। ग.नि.र.द.ले मुख्य क्षेत्रहरुको प्रगति समीक्षा गर्न प्रष्ट मध्यावधि लक्षहरु राखेको छ। तर हालसम्म हासिल भएको अन्य प्रगतिको आधारमा ती लक्षहरु मध्ये केही लक्ष्यहरु जस्तै मातृ मृत्यु दरलाई पुनःविचार गर्नुपर्ने हुन्छ। महिला, साना समूह, र उपेक्षित क्षेत्रहरुको समस्याहरु र भ्रष्टाचार घटाउने कुराहरुको प्रगति अनुमन गर्न थप सूचकहरु चाहिएका छन्। ग.नि.र.द.लाई मध्यावधि खर्च रुपरेखा मार्फत् प्राथमिकता दिएको छ र साथै अविलम्व कार्य योजना मार्फत् प्राथमिकता प्राप्त सुधार कदमहरु छन्। दुवै कार्यक्रमहरुको वार्षिक रुपमा समीक्षा गरिनेछन।

१.१४ ग.नि.र.द. राष्ट्रिय योजना आयोगले सरसल्लाह प्रक्रियाद्वारा विषयगत मन्त्रालयहरुसँग सहकार्य गरी तयार पारेको हो। सरसल्लाहको क्रममा नीजि क्षेत्र, राष्ट्रिय, अन्तर्राष्ट्रिय, गैर-सरकारी संस्थाहरु, महिला समूहहरु, सार्वजनिक पद ग्रहण गरेका अधिकारीहरु, प्राज्ञहरु र प्रबुद्धहरु, स्थानीय सरकारहरु, राजनीतिक दलहरु र दाताहरुसँग छलफल गरेको थियो।

१.१५ ग.नि.र.द.ले कुल गार्हस्थ उत्पादन ६.२ प्रतिशत प्रति वर्ष बढाउने लक्ष्य राखेको छ। पूर्व प्रगतिको आधारमा यो लक्ष्य हासिल गर्न ग.नि.र.द.लाई जस्ताको तस्तै कार्यान्वयन गरिएमा

[५] www.npc.gov.np मा हेर्न सकिन्छ।

सम्भव छ। तर यो कार्य सजिलो अवश्यनै छैन। गैर-कृषि निर्यात नै पूर्व प्रगतिको मूख्य आधार थियो, तर अब आएर यसलाई कायम राख्न निकै गाह्रो हुनेछ किनभने माग कम हुनुका साथै परम्परागत औद्योगिक वस्तुहरुमा प्रतिस्पर्धा बढ्दै गएको छ। गरिव किसानहरुलाई फाइदा गर्ने कृषि क्षेत्रको ४.१ प्रतिशत प्रति वर्ष उत्पादन बढाउने लक्ष्य हासिल गर्न, आधुनिकरण मार्फत् कृषि उत्पादनलाई बढाउन आवश्यक छ। समस्तमा बृद्धि दरहरुको लक्ष्य हासिल गर्न विकशित व्यवसायिक वातावरण जरुरी हुन्छ। यस्तो वातावरण तयार गर्ने निरन्तर संरचनात्मक र शासन पद्धति सुधारहरु, आर्थिक अनुशासन र समग्र आर्थिक स्थिरता हुनु जरुरी छ। साथै द्वन्द समाधानमा प्रगति हुनु जरुरी छ जसले गर्दा लगानी र व्यवसाय संचालन वातावरण अनुकूल हुनेछ। देशमा विद्यमान अति अप्ठेरो र अनिश्चितताको वातावरणलाई मनन गर्दै ग.नि.र.द.ले वैकल्पिक कूल गार्हस्थ उत्पादन बृद्धि लक्ष्य ४.३ प्रतिशत तोकेको छ। यो बृद्धिले लक्ष्यहरु हासिल गर्नमा पार्न सक्ने असर पनि व्याख्या गरेको छ।

## जोखिम र चुनौतीहरु

१.१६ ग.नि.र.द.लाई कतिसम्म कार्यान्वयन गर्न सम्भव हुन्छ भन्ने कुरा एकदम अनिश्चित छ। हाम्रा कमजोर हैसियत र सुधारका प्रतिरोधले गर्दा कार्यान्वयनमा धेरै कठिनाईहरु छन। साथमा ठूलो भूकम्पै जाने डर पनि छ। तर सबभन्दा गम्भीर जोखिम चाहिं द्वन्द र राजनीतिक अनिश्चिताहरु नै हुन्। दुई युद्ध विरामहरु (जुलाई-नोभेम्बर २००१ र जनवरी-अगस्ट २००३) असफल भए। भविष्यमा हुने वार्ताहरु सफल भए पनि राजनीतिक मूल प्रवाहमा माओवादीहरुको हुनसक्ने संलग्नताले सरकारी नीतिमा आधारभूत परिवर्तनहरु हुन सक्तछन्।

१.१७ सन् २००२ जुलाईदेखि स्थानीय तहमा चुनिएका सरकार छैनन् र राष्ट्रिय स्तरमा पनि सन् २००२ सालको अक्टोवर महिनादेखि चुनिएको सरकार छैन। संसद नभएको कारणले गर्दा ठूला लापरवाही भएका छन् र कानुन सुधार कार्यहरु हुन सकेका छैनन्। चुनिएका स्थानीय सरकार नभएको कारणले जनसेवाका कार्य र विकासलाई बाधा भएको छ। यसले विकेन्द्रीकरणलाई पनि आँच पुऱ्याएको छ।

१.१८ सन् २००२ सालको अक्टोवरमा भएको राजनीतिक परिवर्तनपश्चात राजनीतिक दलहरु र राजाको बीचमा द्वन्द शुरु भएको छ। यो द्वन्दले शान्ति प्रक्रियालाई झन् ठूलो कठिनाई पुऱ्याएको छ। सेनालाई अधिराज्यभरि परिचालन गरेका कारण र स्थानीय स्तरमा नायवी शक्तिको रुपमा संञ्चालन भइरहेकोले देशमा सैनिकीकरण हुने जोखिम देखिएको छ। राजनीतिक अस्थिरताले गर्दा विकास प्राथमिकताहरुको उपेक्षा हुनुका साथै विकास कार्यान्वयनमा कठिनाई बढी रहेको छ तर केही प्रतिवद्ध अधिकारीहरु सुधार कार्यहरु तयार गर्न र कार्यान्वयन गर्न जुर्मुराएको छ। कार्यगत क्षेत्रमा विकासे कर्मचारीहरुले दुवै शक्तिबाट चल्ने दोहोरो गोलीको बढ्दो जोखिममा पर्न सक्ने पिंडा सामना गर्नुपरेको छ। यद्यपी विकासे कर्मचारी द्वन्दका तारो भएका छैनन् र यो भविष्यमा परिवर्तन हुन सक्नेछ।

१.१९ यी जोखिमहरु र अनिश्चिताहरु भए पनि हामी विश्वास गर्दछौं कि ग.नि.र.द.लाई टेवा दिनका लागि केहि बलिया आधार छन्। पहिलेका पञ्चवर्षीय योजनाहरु भन्दा यो बढी विश्वसनीय छ। यसले असमानता र भेदभाव जस्तो समस्याहरुलाई समेटेको छ र यसलाई कार्यान्वयन गर्न नयाँ संयन्त्रहरु (मध्यावधि खर्च रुपरेखा र तत्कालिन कार्य योजना) ले टेवा दिनेछ। हाल नेपाल अत्यन्त नाजुक परिस्थितिमा गुज्रिरहेको छ र यो 'असफल राज्य' हुने खतरामा छ। **DFID** ले ग.नि.र.द.मा उल्लेखित कार्यक्रमहरुलाई टेवा दिएर यसलाई यस स्थितिबाट बचाउन सकिन्छ। जुन सुकै हालतमा पनि ग.नि.र.द.को रुपरेखा बाहिर कार्य गरेर नेपाललाई हालको परिस्थितिसँग सम्वन्धित मुख्य जोखिमहरु र अनिश्चिताबाट जोगाउन सकिदैंन। हामीले लचकताको नीति अपनाएर र परिवर्तनशील परिस्थितिलाई अँगालेर यी जोखिमहरुको सामना गर्नेछौं। तालिका १ ले कसरी भन्ने देखाउँछ। कार्यगत क्षेत्रका कर्मचारीहरुको जोखिम व्यवस्थापन वारे भाग २.१९ मा उल्लेख छ।

### तालिका १ : ग.नि.र.द.को सफलतापूर्वक कार्यान्वयनमा आइपर्ने मुख्य जोखिमहरु

| जोखिम | मुख्य असरहरु | DFID को प्रतिक्रिया |
|---|---|---|
| हिंसामा वृदि :<br>युद्धविराम भङ्ग भएर हिंसा बढ्ने खतरा उच्च भएको छ । | • जीवन गुमाउने र प्रत्यक्ष दुःख हुने/मानवअधिकार हनन् हुने–बढ्ने ।<br>• द्वन्द क्षेत्रहरुमा विकास कार्यहरु अवरुद्ध हुने ।<br>• बसाई सराइ बढ्ने र विस्थापन बढ्ने<br>• कार्यस्थलमा कर्मचारीहरुलाई खतरा बढ्ने<br>• प्रजातान्त्रिक तरिकाले बन्ने सरकारमा ढिलाई हुने<br>• द्वन्दको समाधानमा झन कठिनाई हुने<br>• आर्थिक वृद्धिमा कम हुने | • अरुहरुसँग<br>– मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरु वमोजिम गर्न मनाउने ।<br>– द्वन्द क्षेत्रहरुमा मानवीय पहुँचको लागि कुरा गर्ने ।<br>– वार्तामा फर्कन उत्साहित गर्ने ।<br>• विकास क्रियाकलापहरुलाई परिवर्तन गर्ने/द्वन्द क्षेत्रहरुमा सेवा प्रदान गर्ने तरिकाहरु, मानवीय सहायता बढाउने र असंलग्न निकायहरुलाई प्रयोग गर्ने<br>• **DFID**/जि.टि.जेड. जोखिम व्यवस्थापन कार्यालय मार्फत् कार्यस्थल कर्मचारीहरुलाई टेवा दिने<br>• कार्यक्रम र कर्मचारी संलग्नताको मूल्याङ्कन गर्ने<br>• फर्काउने, यदि त्यस्तै अवस्था परेमा । |
| राजनीतिक द्वन्द र अस्थिरता :<br>राजनीतिक दलहरु र राजाबीच हालको द्वन्द कायम रहन सक्ने र झन् बढ्न सक्ने | • ग.नि.र.द.को कार्यान्वयनमा ध्यान र प्रतिवद्धता नपुग्ने<br>• शान्ति प्रक्रियामा आँच आउने<br>• सरकार बराबर फेरबदल भइरहने<br>• कम विश्वास र लगानीले गर्दा आर्थिक बृद्धि कम हुने । | • अरुहरुसँग<br>– सहयोग र सम्झौता गर्न उत्साह गर्ने (सार्वजनिक शिक्षा दिएर सुधारवादीहरुलाई टेवा दिएर र संयुक्त अधिराज्यको विशेष प्रतिनिधि मार्फत् गर्ने)<br>– ग.नि.र.द. कार्यान्वयनलाई प्रोत्साहित गर्ने **DFID** बजेट प्रगतिसँग जोडेर)<br>– ग.नि.र.द.को लागि दाता समन्वय, र ग.नि.र.द. र एम.टि.ई.एफ. मार्फत् वार्षिक वजेटबीच संस्थागत सम्बन्ध राख्न उत्साहित गर्ने<br>– ग.नि.र.द.को आधारमा आई.एफ.आई. समायोजन/कर्जालाई टेवा दिने । |
| राजनीतिक परिवर्तनहरु :<br>द्वन्द समाधानको लागि राजनीतिक परिवर्तनहरुको आवश्यकता हुन सक्ने । त्यसपछि आउने सरकारको कार्यक्रम ग.नि.र.द. सँग फरक हुन सक्ने । | • ग.नि.र.द.को नीतिहरुलाई संशोधन गर्न सक्ने<br>• राजनीतिक परिवर्तनहरु र त्यससँग सम्बन्धित अनिश्चितताले कार्यान्वयनलाई अवरोध गर्न सक्ने | • गरिवी निवारण नीतिहरुलाई अपनाउन र राष्ट्रिय किसिमले बनाउन उत्साहित गर्ने<br>• चाहिएको ठाउँमा ने.स.यो.लाई अपनाउने र समीक्षा गर्ने |
| ग.नि.र.द.सुधारहरुको प्रतिकार :<br>खास गरेर भ्रष्टाचार निवारण र भेदभाव विरुद्ध गर्ने कार्यहरु र आर्थिक क्षेत्रका सुधारहरु विरोध गर्न सक्ने (तर यी सुधारका कुराहरु माओवादीहरुको कार्यक्रममा रहेकोले ती सुधारहरुको विरोध गर्नमा बाधा हुन सक्ने) | • खास गरेर सरकारको सीमित कार्यान्वयन क्षमताले गर्दा सुधार कार्यहरु पछि पर्न सक्ने<br>• ग.नि.र.द.प्रति सरकारको प्रतिवद्धतामा जनसाधारणको विश्वासमा आँच आउन सक्ने<br>• यदि सुधार कार्यहरु नगरिएमा बैकिङ्ग पद्धति नै खत्तम हुन सक्ने | • सरकारको सञ्चार रणनीति र आई.ए.पि. मार्फत् मुख्य सुधारहरुमा ध्यान केन्द्रित गर्न अरुहरुसँग कार्य गर्ने ।<br>• हासिल गरेको प्रगति **DFID** को सहयोग बढाउनेलाई सम्बन्धित गरेर सुधार कार्यलाई प्रोत्साहित गर्ने । |

## ग. हामीले के सिक्यौं

१.२० सन २००२ सालको फेब्रुवरी महिनामा भएको नेपाल विकास मञ्च बैठकको तयारी क्रममा सरकार र विदेशी सहयोग दाताहरुको साझेदारी सम्बन्धमा स्वतन्त्र समीक्षा भएको थियो। उक्त समीक्षाले गरेको निश्कर्ष अनुसार सरकार र विदेशी दाताहरुबीचको सम्बन्ध आदर्श भन्दा निकै टाढा भएको तथा दाताहरुले विकासमा सरकारी भूमिकालाई विस्थापित गरेको निश्कर्ष निकालिएको थियो। सहायता कार्यान्वयनको विवरण चाहिं मिश्रित देखिएको थियो। दाताहरुमा पारदर्शिताको अभाव र सरकारको गरिवी निवारणप्रति राजनीतिक प्रतिवद्धता नहुनु नै समस्याको रुपमा देखा परेका थिए। समीक्षा पश्चात बढेको द्वन्दले यी कुराहरुको महत्ता झन बढाएको छ। अन्य दक्षिणी एसिया मुलुकहरुको दाँजोमा नेपालले सापेक्षिक रुपमा बढी विदेशी सहायता प्राप्त गरेको छ (अनुसूची ग)। सन् २००२/०३ मा नेपाललाई प्राप्त विदेशी सहायता कुल सरकारी खर्चको २० प्रतिशत (विकास खर्चको ६२ प्रतिशत) भएको थियो। यस्तो किसिमको विदेशी सहायतालाई निरन्तरता दिन, यदि सहायता प्रभावकारितामा सुधार भएन भने मुनासिव हुँदैन।

१.२१ **DFID** को पछिल्लो देशीय रणनिती दस्तावेज द्वन्दको समस्या यस्तो टड्कारो रुपमा आउनुभन्दा पहिले सन् १९९८ मा तयार गरिएको थियो। सन् २००१ को अन्तसम्ममा हाम्रा कार्यक्रममा भएका कमजोरीहरु स्पष्ट भईसकेका थिए। द्वन्दात्मक परिस्थिति र विद्यमान भेदभावमा पर्याप्त मात्रामा ध्यान पुऱ्याउन नसक्नु नै यसका प्रमुख कारक थिए। आयोजनाहरु धेरै ठूलो हुनुका साथै जटिल भएका थिए जसले गर्दा ती आयोजनाहरु विकास गर्नमा धेरै समय लाग्यो र प्रशासनिक खर्च पनि धेरै लाग्न गयो। विकट ग्रामीण क्षेत्रहरुमा खास अल्पकालिन असर अपर्याप्त भएन। हामीले हाम्रा कार्यक्रमहरुलाई परिवर्तन गरेर त्यसमा प्रतिक्रिया जनायौं र खर्च पनि बढायौं।

१.२२ यस परिप्रेक्ष्यमा हाम्रो कार्यक्रमको प्रभावकारिता र हाम्रो कार्यशैलीको मूल्याङ्कन गर्न र सुधारका लागि मौकाहरुको पहिचान गर्न हामीले अध्ययनहरु गरायौं र विभिन्न चुनाव क्षेत्रहरुका व्यक्तिहरुसँग पनी सरसल्लाह गऱ्यौं (अनुसूची क)। सन् १९९९ मा **DFID** नेपालको कार्यालय स्थापना कार्यलाई सकारात्मक कदम मानिएको थियो। केन्द्रीय तह र स्थानीय तहमा गरिएका कार्य, हाम्रो विश्लेषण र हाम्रो समन्वयात्मक भूमिकालाई हाम्रो सबल पक्षका रुपमा लिइएका छौं। साथै धेरै समस्याहरु पनि पहिचान गरिएका छन:

- हाम्रा कार्यक्रमहरु कम पारदर्शी तथा स्थानीय स्तरमा अपर्याप्त उत्तरदायी भयो खासगरी स्रोत-साधन उपलब्धतामा, खर्च, नीति-निर्माण प्रक्रियाहरु, साझेदारीहरुको छनौट र हाम्रो कार्यका प्रभावका बारे।
- हामी सँग सञ्चार गर्न जनताहरुलाई गाह्रो भयो र समुदायहरुको पहुँच हामी कहाँ पुग्न सकेन। यसो हुनुको कारण काठमाडौंमा बढी केन्द्रित हुने र बाहिरी सल्लाहकारहरुमा बढी निर्भर हुनु नै थियो।
- हामीले समुदायहरुसँग काम गर्दा कार्यक्रम तर्जुमा गर्नमा बढीनै उत्सुकता देखाएको भनी ठहर गरेको थियो।
- सामाजिक न्यायका मामिलाहरुमा हामीले अपर्याप्त ध्यान दिएको भनी औंल्याइएको थियो।
- हामी चाहिए भन्दा बढी रणनीतिपूर्ण भएका र क्षमता वृद्धि कार्यमा बढी केन्द्रित भई गरिवीमा पर्याप्त महत्व दिन असफल भएको ठहर गरेको थियो। **DFID** र लाभान्वित समुह बीच व्यवस्थापनका धेरै तहहरुले गर्दा दूरी बढेका ठहर।
- हाम्रो सहयोग धेरै छरिएको र पर्याप्त मात्रामा गरिवहरुमा र दुर्गम क्षेत्रहरुमा केन्द्रित नभएको र स्थानीय तहमा नजिकीन नसकेको ठहर गरेको थियो।

१.२३ यी माथिका सन्देशहरुले हामी के गर्छौं र कसरी गर्दछौं भन्ने कुराहरुलाई प्रभाव पार्न थालिसकेका छन्। हामीले सहि अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुलाई छानी प्रयोग गर्नेतिर लागेका छौं र कार्यशैली संयन्त्रहरुलाई प्रवाहित गर्न लागेका छौं। द्वन्दले प्रभावित क्षेत्रहरुमा विकास कार्यक्रमहरुले तीव्र असर पार्ने कार्यहरुलाई बढी भार दिई काम गर्न लागेका छौं। यस्तै हामीले मध्य-पश्चिमाञ्चल क्षेत्रको नेपालगञ्जमा कार्यक्रम-कार्यालय खोली मध्य र सुदूर-पश्चिमाञ्चल क्षेत्रहरुमा हाम्रो संलग्नता बढाएका छौं। हालसालै हामीले चार जना नेपाली सल्लाहकारहरुलाई नियुक्त गरेका छौं। नेपाली कर्मचारीहरुले कार्यक्रम तयार र नीति-निर्माण कार्यमा बढी भूमिका निर्वाह गर्नुका साथै दे.स.यो. तयार गर्नमा पनि तिनीहरुको भूमिका थियो। सल्लाहकारहरुले बढी समय काठमाडौं बाहिर बिताउन थालेका छन्। हामीले समुदाय सहयोगको लागि नयाँ जिल्लामुखी नमूना लागू गर्न लागेका छौं र स्थानीय निकायहरुसँगको समन्वयलाई सुधारेका छौं। हामीले सञ्चार रणनीति विकास गरेका छौं र नेपालमा **DFID** को भूमिकालाई व्याख्या गर्न प्रेसलाई बढी मात्रामा प्रयोग गर्न थालेका छौं।

१.२४ पारदर्शिता र उत्तरदायित्व दर्शाउने खालका अन्य कदमहरु टेबुल नं. १ मा दिइएको छ।

## टेबुल नं. १ :  पारदर्शिता र स्थानीय उत्तरदायित्वको वृद्धि

हाम्रो कार्यशैली निम्न तरिकाले परिवर्तन गर्नेछौं :

- नयाँ सञ्चार रणनीतिलाई कार्यान्वयन गरेर **DFID** नेपालको कार्य सम्पादन र यसको प्रभाव बारे वार्षिक प्रतिवेदन (छोटकरीमा) अंग्रेजी र स्थानीय भाषाहरुमा तयार गरिनेछ ।
- हाम्रो कार्य श्री ५ को सरकारको विदेशी सहायता नीति अनुरुप भए-नभएको अनुगमन गर्ने, ग.नि.र.द.को वार्षिक बहु-निकाय प्रगति समीक्षाहरुमा भाग लिने, डि.एफ.आई.डि कार्यक्रमको प्रभाव र रणनीति बारे श्री ५ को सरकारसँग वार्षिक छलफलहरु ठोस रुपमा गर्ने ।
- सामूदायिक तहमा कामगर्ने सबै आयोजनाहरुले आयोजना अवधिमा समुदायको सहभागितालाई बढाउँदै लैजाने, सहभागितायुक्त अनुगमन प्रविधिहरुलाई प्रयोग गर्ने (समुदाय लेखा परीक्षण, जन-आभास अध्ययनहरु, नागरिक 'प्रतिवेदन कार्डहरु' आदि)
- नीति निर्माण र कार्यक्रम तयार गर्नमा नेपाली कर्मचारीहरुलाई ठूलो भूमिका दिंदै लैजाने ।
- काठमाडौं बाहिर हाम्रो उपस्थितिलाई बढाउँदै लैजाने र जिल्लास्थित कर्मचारीहरुलाई निर्णय लिनलाई अधिकार प्रत्यायोजन गर्दै लैजाने ।
- डि.एफ.आई.डि को पद्धतिहरु, कार्य तरिकाहरु र साझेदारहरु छनौटका आधारहरु जस्तै रोजगार स्तरहरु, स्थानीय रुपमा नियुक्त भएका कर्मचारीहरुलाई उपयोग गर्ने र सहभागितामूलक कार्य गर्ने क्षमता बारे स्पष्ट सूचनाहरु विकास गरी प्रकाशमा ल्याउने । अन्य निकायहरुसँग मिलेर हामीले श्री ५ को सरकारसँग काम गर्न भुक्तानी र भत्ताहरु जस्ता मामिलाहरुबारे काम गर्न शिष्टाचार पत्रहरु विकास गर्नेछौं ।



जडिबुटी सुकाइरहेका चेपाङ्ग जातीका एक किसान -धेरैजसो ग्रामीण समुदायिहरुको एक प्रमुख आयस्रोत

## घ. संयुक्त अधिराज्य विकास साझेदारी

२.१ हाम्रो भूमिका र हाम्रो कार्यक्रमको प्रयोजन बारे विचार गर्न यो उपयुक्त समय भएको छ । हामीलाई विश्वास छ **DFID** ले सुधार र विकास कार्यक्रमको आगामी दिनहरुमा हुने प्रगतिलाई प्रभाव पार्नेछ र नेपालमा चलिरहेको द्वन्दको समाधान गर्नमा योगदान पुऱ्याउनेछ । नेपालमा भईरहेका सुधार कार्यक्रमलाई सहयोग पुऱ्याउन हामीले आफ्नो तहबाट सक्दो प्रयासका साथै दाता सहयोग परिचालन पनि गरिरहेका छौं । अन्तर्राष्ट्रिय समुदायमध्ये द्वन्दको विश्लेषण र प्रतिक्रियामा हाम्रो भूमिका अग्रपंक्तीमा पर्दछ । सन् २००२ को जून महिनामा भएको लण्डन अन्तर्राष्ट्रिय सभाले पनि शान्ति कायम गराउनमा हाम्रो योगदानको वकालत गरेको छ । एसियाको अति विकट समुदायहरु र केही साह्रै गरिवहरुलाई प्रत्यक्ष सहयोग पुऱ्याउनुपर्ने एकदम चुनौतिपूर्ण वातावरणलाई अपनाउन हामी सक्षम भएका छौं । द्वन्दको सबभन्दा कष्टकर अवधिमा पनि हामीले विकास सहयोगलाई उल्लेखनीय रुपमा बढाई सहि रुपमा गरिबसम्म पुग्न सक्षम भएका छौं । यी र हामीले सिकेका अन्य कुराहरुले हाम्रो विकास कार्यक्रमलाई एउटा रुप दिन मद्दत गरेका छन् । ती निम्न बमोजिम छन् :

२.२ संयुक्त अधिराज्यको विकास सहयोगको मूख्य उद्देश्य नेपालको गरिवी न्यूनिकरण र सामाजिक वञ्चितकरणलाई कम गर्नु र दिगो शान्तिको स्थापना गर्नु हो । यस प्रयोजनको लागि हामी ग.नि.र.द.को रुपरेखाभित्र रही सम्भव भएसम्म अरुहरुसँग निकट सम्बन्ध राखी काम गर्नेछौं ।

२.३ प्रत्यक्ष पिडाको कारण र विकास कार्यको बाधक भएको हुंदा द्वन्द नेपालको समस्याको केन्द्र भएको छ । द्वन्दको एउटै राम्रो पक्ष भनेको सामाजिक रुपान्तरणलाई गति दिनसक्ने शक्ति हो ।[५] यसले हालसम्म स्विकृत विकासका मान्यताहरुलाई चुनौती दिन सक्तछ । हाम्रो कार्यक्रमको मूख्य जोड भनेको द्वन्दमा अन्तर्निहित कारणहरुलाई लक्षित गर्नु हो । जेभएपनि द्वन्द विकासको मुख्य बाधक भएकोले हामीले कतिसम्म, के र कसरी कार्य गर्न सक्तछौं भन्ने कुराहरुको निश्चिय पनि द्वन्दले नै गर्नेछ ।

२.४ तीव्र रुपमा देखा परिरहेका घटनाक्रमहरु र उच्च स्तरको अनिश्चिताले हाम्रो कार्यको आवश्यकतालाई बढाएको छ र तुरुन्त देखापरेका समस्याहरुमा ध्यान केन्द्रित गर्न यसले हामीलाई लचिलो बन्न बाध्य बनाएको छ । धैरैजसो समस्याको जरा गहिरो भएकाले तिनीहरुको समाधानका लागि अल्पकालीन कदमहरु चालेर मात्र पुग्दैन । उदाहरणको लागि छुवाछुत निर्मूल गर्नको लागि तुलनात्मक वञ्चितिकरणलाई समाधान गर्नु पर्दछ तर यसको लागि दीर्घकालीन कदमहरु चालेर वर्जित समूहहरु सशक्तिकरण गर्नुका साथै व्यक्ति मनोवृत्तिलाई परिवर्तन गर्नु पर्दछ । हामीले यी अल्पकालिन र दीर्घकालीन कदमहरु एक-अर्कामा परिपूरक देखेका छौं । हाम्रो ने.स.यो.को उद्देश्य हांसिल गर्न यी दुवै आवश्यक छन् ।

२.५ शान्ति स्थापना गर्नु प्राथमिक कार्य हो । यसले ध्यान केन्द्रित गर्नुपर्ने क्षेत्रहरु निर्धारण गर्नुका साथै कुन कुन क्षेत्रमा हामीले काम गर्नु पर्दछ भन्ने पनि निर्धारण गर्दछ । द्वन्दमा सम्मिलित समूहहरुले हाम्रो असंलग्न कार्यक्रम सञ्चालनलाई स्वीकार गर्नु महत्वपुर्ण कार्य हो जसले हाम्रो शान्ति स्थापना गर्ने र नेपालका नितान्त गरिवहरु र पिछडिएका जनताहरुलाई सहयोग गर्ने कार्यलाई निरन्तरता दिन छुट दिएको छ ।

२.६ गरिवहरुलाई सहयोग गर्नका लागि हालको मध्य र सुदूर पश्चिमाञ्चल क्षेत्रहरुको बढ्दो संलग्नतालाई निरन्तरता प्रदान गर्न सकिन्छ तर हामी यी क्षेत्रमा मात्र आफ्नो कार्य सीमित गर्ने पक्षमा छैनौं किनभने अन्य ठाउँहरुमा झन उच्चस्तरको गरिवी छ र जहांतही द्वन्दको खतरा छ । यसको लागि निर्णयको अख्तियार प्रत्यायोजन हुनु र स्थानीय तहमा बढी समन्वय हुनु पनि आवश्यक छ ।

२.७ दीर्घकालीन नीति-निर्माण र क्षमता अभिबृद्धि भन्दा पनि गरिव जनताहरुको फाइदाको लागि अल्पकालीन उपायहरु द्वारा सेवा प्रदान गर्ने कार्यमा हस्तक्षेप गरी उनीहरुको जीवन स्तरमा व्यापक असर पार्नु आवश्यक छ । यो कार्यलाई पनि द्वन्दले प्रभाव पार्नेछ । शान्ति पुन:स्थापना नभएसम्म हामीले यो आशा गरेका छौं कि हाम्रो खर्चको मुख्य हिस्सा प्रत्यक्ष रुपमा गरिव जनताहरुलाई ठोस फाइदा पुग्ने कार्यहरुमा लाग्नेछन् । यसमा जि.सी.पी.पी. अन्तर्गत सञ्चालित तीव्र गतिमा प्रभाव पार्न सक्ने आयोजनाहरु समावेश छन्, (टेवुल नं. २) । विकासको तीव्र प्रभावको लागि द्वन्द प्रभावित क्षेत्रमा सरकारभन्दा बाहिर रहेर काम गर्नु आवश्यक पर्न सक्तछ । तर संभव भएसम्म सरकारसँग काम गर्नमा नै प्राथमिकता दिइनेछ । कुनैपनि परिस्थितिमा हाम्रो सहयोगले सरकारी सक्षमतालाई आँच नआउने किसिमले काम गर्न सुनिश्चित गर्दछौं र बरु सकेसम्म यसले क्षमता विकास गर्नमा मद्दत पुऱ्याउनेछ । प्रजातन्त्रको निलम्वन कार्यको प्रतिक्रिया स्वरुप हाम्रो कार्यक्रममा जनशिक्षा र सार्वजनिक सूचनाको लागि बढी सहयोग समावेश गरिनेछ । जब शान्ति पुन:स्थापना हुन्छ, हाम्रो कार्यक्रम नीति-निर्माण र वातावरण सन्तुलन तर्फ बढी ढल्कनेछ । देखा परिआएका स्थितिहरुको आधारमा हाम्रो ने.स.यो.को वार्षिक कार्यक्रममा परिवर्तनहरु गर्न विचार गरिनेछ ।

[५] द्वन्द प्रभावीत क्षेत्रमा महत्वपूर्ण सामाजिक परिवर्ततका प्रमाणहरु पाइन्छन् । उदाहरणको लागी क्षणिक भएपनि केहि क्षेत्रहरुमा सामाजिक रुपमा रहेको जातीगत सामन्ती प्रथा र मोहियानी प्रथाको अन्त्य भएको छ । यस्तो परिवर्तनलाई प्रभावसाली विकास प्रकृयाको टेवा साथ स्थानिय सामाजिक रुपान्तरणले मद्दत गर्न सक्दछ ।

**टेवुल नं २ : जि.सी.पी.पी. कोष अन्तर्गत सञ्चालित तिव्रगतिमा प्रभाव पार्ने आयोजनाहरु :**

**DFID** नेपालले द्वन्द प्रभावित क्षेत्रहरुमा हाल सहयोग गरिरहेका कार्यक्रममा निम्न 'तीव्र गतिमा प्रभाव पार्ने' आयोजनाहरु पर्दछन् :

- साना किसानहरुका लागि बीउ-विजनहरु
- सामुदायिक स्वास्थ्य चौकीहरुको लागि आवश्यक औषधिहरु को आपूर्ती
- द्वन्द पीडित केटाकेटीहरु र अन्य व्यक्तिहरुलाई सहयोग
- खाद्य सुरक्षा स्थितिलाई सुधार्न छिटो असर दिने कामको लागी खाद्य कार्यक्रम
- अत्याआवश्यकीय सामाजिक पूर्वाधारको पुन:निर्माण

२.८ ग.नि.र.द.लाई प्रभावकारी रुपमा टेवा दिन जहाँ सम्भव हुन्छ, त्यहाँ हामी एक्लो सेवा प्रदान गर्ने आयोजनाहरुबाट राष्ट्रिय र क्षेत्रीय कार्यक्रमहरुलाई टेवा दिनेतर्फ लाग्नेछौं (उदाहरणको लागि स्वास्थ्य, कृषि, वन व्यवस्थापन, शिक्षा र ग्रामीण खानेपानी) । हाम्रो सहयोग विधिहरुलाई पुन: संरचना गर्दा हामीले ग.नि.र.द.लाई टेवा दिने दाताहरुको प्रयासलाई समन्वय गर्नमा क्रियाशील भूमिका निभाउने छौं । सम्भव भएसम्म आयोजनाहरुलाई उपलब्ध गराउने स्रोतहरु नेपालको आर्थिक वर्षसँग समन्वय गराउने प्रयास गरिनेछ ।



तामाङ्ग बालिकाहरू अनौपचारिक शिक्षाको कक्षामा -सिन्धुपाल्चोक जिल्ला (मध्य पहाड)

२.९ हामी अन्तर्राष्ट्रिय बित्तीय संस्थाहरु (IFIs) र अन्य द्विपक्षीय दाताहरुसँग एकदम निकट भएर काम गरिरहेका छौं । यीनै साझेदारीहरुमा क्रमशः अघि बढाऊँदै हाम्रो साझा क्षेत्रगत रणनीतिहरुलाई कार्यान्वयन गर्ने र संयुक्त परिणामहरु प्राप्ति गर्नेछौं । हामी विश्व बैंक (WB) को नेपाल सहयोग रणनीतिसँग साझा नतिजाको लागि सहमति कायम गरिसकेका छौं । यी कुराहरु चार्ट १ मा दिइएको छ । नेपालमा काम गर्ने अन्य विकास कार्यकर्ताहरुको अनुभव र सामर्थ्यबाट हामीले पनि पाठ सिक्ने लक्ष्य राखेका छौं । उदाहरणको लागि स्थानीय पारदर्शिता र उत्तरदायित्वको संयन्त्रहरुको विकास । संयुक्त राष्ट्रसंघले भविष्यमा हुने शान्ति प्रक्रियामा महत्वपूर्ण भूमिका खेल्न सक्ने सम्भावना छ । हामीले यसलाई सहयोग गर्नेछौं ।

२.१० हामी नेपालमा कार्य गर्ने अन्य संयुक्त अधिराज्य सरकारी विभागहरुसँग एकदम निकट रहेर काम गर्नुका साथै नेपालको लागि संयुक्त अधिराज्य विशेष प्रतिनिधि अध्यक्ष भएको अन्तर विभागीय नेपाल समूह मार्फत् पनि काम गर्ने छौं । ने.स.यो.को उद्देश्यहरुलाई टेवा दिन सबै संयुक्त अधिराज्य सरकारी विभागहरुसँग सहमतिका आधारमा साझा रणनीति अपनाएर काम गरेमा मात्र ने.स.यो. सफल हुनेछ । विदेश, राष्ट्रमण्डल कार्यालय र रक्षा मन्त्रालयसँग वार्षिक रुपमा सहमत भएर संयुक्त जि.सी.पी.पी. रणनीति मार्फत् द्वन्द निवारण कार्यक्रमहरुको समन्वय गर्ने कार्य चालू राखिनेछ ।



धान खेत गोडिरहेका थारु जातीका महिलाहरू: बर्दिया जिल्ला (मध्य-पश्चिम तराई)

## ङ. कार्यक्रमका क्षेत्रहरु

२.११ हाम्रो कार्यक्रम द्वन्द समेटिने मुख्य क्षेत्रहरुमा केन्द्रित हुनेछ, जहाँ हामी ठोस योगदान दिन सक्षम छौं भन्ने हामीलाई लाग्दछ । हाम्रा कार्यक्रमहरु तुरुन्तै परिवर्तनहुने परिस्थितिहरुलाई मनन् गरिकन पर्याप्त लचिलो बनाइएको छ । कार्यक्रमको प्राथमिकता श्री ५ को सरकारसँग गरेको सल्लाहको आधारमा निर्धारण गरिएको छ ।

२.१२ हामी प्रत्यक्ष रुपमा ठूल-ठूला पूर्वाधारहरु निर्माण गर्न, सामरिक महत्वको सडक-निर्माण वा परम्परागत नीजि क्षेत्र विकास कार्यक्रमहरुमा लाग्ने छैनौं । प्रतिवद्ध भएका प्रत्यक्ष सहयोग पर्यटन र कृषि अनुसन्धान आयोजनाहरुको समयावधी पछी बन्द गर्ने छौं किनकी अरुहरुले यस क्षेत्रमा सहयोगको संङ्केत देखाएका छन् । ने.स.यो.को मुख्य विषयवस्तु नभए पनि **DFID** को आवश्यकतानुसार वातावरणीय विषयहरुलाई प्रत्येक कार्यक्रमको तयारी र कार्यान्वयनमा समावेस गरिनेछ ।

२.१३ चार्ट १ ले ने.स.यो.को उद्देश्य, परिणाम, रणनीति देखाउनुका साथै यसलाई ग.नि.र.द.मा कसरी आधारित गरेको छ भन्ने पनि प्रष्ट पारेको छ । ग.नि.र.द.मा जस्तै यसमा पनि सामाजिक समावेशनलाई छुट्टै उद्देश्यको रुपमा लिइएको छ जसले अन्य उद्देश्यहरु हासिल गर्नमा समेत मद्दत गर्नेछ । **DFID** का कार्यक्रमहरु एकभन्दा बढी उद्देश्यहरु हासिल गर्नमा योगदान दिनसक्ने उद्देश्यले बनाईएका छन् । उद्देश्यहरु पनि एक आपसमा निर्भर छन् । ने.स.यो.को उद्देश्य हासिल गर्नका लागि सबै क्षेत्रहरुमा प्रगति हुनु जरुरी छ । ने.स.यो.का उद्देश्यहरुमा समेटिएका कुराहरु निम्न बमोजिम छोटकरीमा दिइएको छ :

२.१४ शान्ति स्थापना : ने.स.यो.को अन्य उद्देश्यहरु हासिल गर्न शान्ति स्थापनामा प्रगति हुनु अति आवश्यक छ । हाम्रो विचारमा सैनिक कारवाहीले मात्र नेपालमा भएको द्वन्दलाई समाधान गर्न असम्भव छ । अन्य संयुक्त अधिराज्य सरकारी विभागहरुसँग नजिक भएर काम गरी शान्ति स्थापना गर्ने प्रयास गर्दै हिंसात्मक द्वन्दलाई वार्ताद्वारा समाप्त गर्नमा मद्दत हुनेगरी केन्द्रित गरिनेछ साथै द्वन्दका कारकहरुलाई समेटिने किसिमका प्रभावकारी विकास प्रयास सुरु गर्नलाई वातावरण सिर्जना गर्नमा केन्द्रित गरिनेछ । यसको लागि हामी शान्ति वार्ताका मुख्य समर्थकहरु र नागरिक समाजसँग काम गरी वार्ता प्रक्रियालाई सुदृढ गर्न र शान्तिको लागि टेवा दिनमा मद्दत गर्नेछौं । साथै द्वन्दको अवस्थामा अगाडि बढाउन सकिने विकास कार्यहरुलाई सरकार र अन्य निकायहरुले पनि अवलम्वन गरुन भनि उत्साहित गर्ने छौं । द्वन्दले ल्याएका पीडाहरु कम गर्ने खालका कार्यक्रमहरुलाई हामीले सहयोग गर्नेछौं र मावन अधिकारलाई सम्मान बढाउने कदमहरु चाल्न उत्साहित गर्नेछौं, अर्काको अधिकार हनन् गरी विना सजाय उम्कने अवस्थाको अन्त्य गर्न सहयोग गर्नुका साथै राष्ट्रिय मानवअधिकार आयोगलाई टेवा दिनेछौं ।

२.१५ ग्रामीण गरिवहरुको लागि आर्थिक बृद्धि : नेपालको गरिवी ग्रामीण क्षेत्रमा अत्यधिक मात्रामा रहेको छ । गरिवी निवारणको लागि खाद्य सुरक्षामा सुधार गर्नुका साथै ग्रामीण क्षेत्रहरुमा आय बढाउन आवश्यक छ । ग.नि.र.द.ले सर्व पक्षीय आर्थिक बृद्धिलाई लक्ष्य गरेको छ । पुराना अनुभवहरुका अनुसार ग्रामीण गरिवहरुलाई फाइदा हुने खालको आर्थिक बृद्धि गर्नु नै मुख्य चुनौती भएको छ, त्यसैले हाम्रो सहयोग यसैमा केन्द्रित हुनेछ । जसका लागि हामीले निम्न कुराहरु गर्नमा मद्दत गर्नेछौं :

- गरिव किसानहरुको बढी पहुँच कृषि सेवाहरु र बजारसम्म पुऱ्याउन नयाँ वित्त र बजार संयन्त्रहरु विकास गर्ने ।
- छानिएका जिल्लाहरुमा ग्रामीण पहुँचमा सुधार गर्नुका साथै त्यससम्बन्धी अवसरहरु प्रदान गर्ने तथा सडक योजना र मर्मत कार्यहरु राम्ररी गर्न उत्साहित गर्ने ।
- वन व्यवस्थापन, कृषि, खाद्य सुरक्षा र ग्रामीण पूर्वाधार सेवाहरुमा अन्य निकायहरुसँग साझा कार्यक्रमका रुपमा विकास गर्ने ।
- ग्रामीण व्यवसाय विकास र समुदायीक सिंचाई मार्फत् ग्रामीण रोजगार बढाउने र आय बढाउने मौकाहरु सिर्जना गर्ने ।

स्थानीय तहमा हामीले आफ्नो कार्यहरु अरु निकायहरुसँगै मिलेर बढी प्रभावकारी गर्नमा सुनिश्चित गर्नेछौं र सम्भव भएसम्म विकेन्द्रीकरणलाई बढावा दिनेछौं । राष्ट्रिय स्तरमा श्री ५ को सरकारलाई विश्व व्यापार संगठनको सदस्य भएपछि त्यसबाट गरिब जनतामा परेको असर मूल्याङ्कन गर्न र त्यसका लागि आवश्यक नीतिहरु विकास गर्न हामी मद्दत गर्नेछौं ।

२.१६ आधारभूत सेवाहरु : गरिवी निवारण गर्न र जीवन निर्वाह सुधार्न आधारभूत सेवाहरु जस्तै स्वास्थ्य, शिक्षा, खानेपानी र सरसफाईलाई सुधार गर्नु आवश्यक छ । स्वास्थ्य समस्याहरु र खर्चिलो स्वास्थ्य सेवाले जनताहरुलाई गरिवीतर्फ छिटो धकेल्दछ । आधारभूत सेवाहरु सुधारले खास गरेर गरिव र उपेक्षित वर्गको हितका लागि र ग्रामीण क्षेत्रहरुमा जीवन स्तर उकास्नमा मद्दत गर्नेछ । हाम्रो सहयोग निम्न विषयमा केन्द्रित हुनेछ :

क) आधारभूत स्वास्थ्य सेवामा पहुँच बढाउने

ख) एच.आई.भि/एड्स फैलनमा कमि ल्याउने

ग) खानेपानी र सरसफाईको सुधार गर्ने

घ) आधारभूत र प्राथमिक शिक्षामा सुधार गर्ने

यी उद्देश्य पुरा गर्न त्यस्ता राष्ट्रिय कार्यक्रमहरुलाई सहयोग गरिनेछ जसले समुदायहरुलाई सेवा प्रदान गर्ने र कार्यक्रम व्यवस्था गर्ने भूमिकामा सहयोग गर्छन ।

हाम्रो रणनीति आयोजनाहरुबाट क्षेत्रगत कार्यक्रमहरुमा सारी स्वास्थ्य क्षेत्रमा राष्ट्रिय सुरक्षित मातृत्व, क्षयरोग, प्रजनन् स्वास्थ्य र एच.आई.भि/एड्स कार्यक्रमहरु, ग्रामीण खानेपानी र सरसफाई सेवाहरुमा हामीले सहयोग पुऱ्याउने छौं । शिक्षाले समानता प्राप्तिमा ठूलो भूमिका खेल्दछ । त्यसैले हामीले यस क्षेत्रमा उल्लेखनीय योगदान दिन अन्वेषण गर्ने छौं । आधारभूत र प्राथमिक शिक्षाका कार्यक्रमहरु विकास गर्न मद्दत गर्नेछौं र प्रगतिको आधारमा यी कार्यक्रमहरुलाई रकम प्रदान गर्ने कुरामा विचार गर्नेछौं ।

२.१७ सामाजिक समावेशन : सामाजिक परिवर्तन गर्न समय लाग्छ, त्यसैले प्रत्यक्ष परिवर्तन ल्याउनको लागि नीतिहरु र मनोवृत्तिमा परिवर्तनहरु ल्याउन आवश्यक छ जसबाट त्यसको असर दिगो र सर्वत्र फैलियोस् भन्ने विचारले हामीले सामाजिक समावेशनलाई विशेष जोड दिएका हौं । यसका लागि निम्न कार्यहरु गरिनेछ :

१) हाम्रो सहयोग गै.स.स. र समुदायमा आधारित संस्थाहरु (स.आ.सं.) को क्षमता निर्माणबाट वर्जित जातका जनताहरु र जनजाति समूहको प्रतिनिधित्व गर्ने संस्थाहरुलाई सुदृढ गर्नमा र तिनीहरुको प्रभाव बढाउन आपसमा सहयोग गर्न उत्साहित गर्ने तर्फ उन्मुख हुनेछ ।

२) सबै कार्यक्रमहरुमा चुस्त र सबैले बुझ्ने खालका सामाजिक रणनीति समावेशनको सुनिश्चित गर्नेछ ।

३) महिला, वर्जित वर्ग र जनजाति समूहहरुको लागि निजामती सेवाका सकारात्मक कार्यनीतिहरु विकास र कार्यन्वयन गर्नमा श्री ५ को सरकारलाई मद्दत गर्ने ।

४) ग.नि.र.द.को गरिवी अनुगमन पद्धति विकास र कार्यान्वयन गर्न र लिङ्ग, जनजाति र जात अनुसारका प्रगति अनुगमन गर्न श्री ५ को सरकारलाई मद्दत गर्ने ।

५) मध्य र सुदूर पश्चिमाञ्चल क्षेत्रहरुका छानिएका जिल्लाहरुमा सामाजिक उपेक्षाको समस्यालाई समाधान गर्न हाल भइरहेका कार्यक्रमहरुमा संलग्न हुनुका साथै आदिवासी जनताहरुको संस्थाहरुसँग मिलेर काम गर्ने ।

साथै हामीले श्री ५ को सरकारको गरिवी निवारण कोषको अनुगमन र मुल्याङ्कन गर्ने क्षमता विकास गर्नमा मद्दत गर्नेछौं र सम्भवत यसलाई रकम प्रदान गर्नेछौं ।

२.१८ शुशासन : ग.नि.र.द.को सफलताको लागि शासनमा सुधार हुन अति आवश्यक छ । शासनको असफलता खास गरेर उच्च तहमा भ्रष्टाचार र द्वन्दसँग सम्बन्धित मानवअधिकार उल्लंघनका लागि सजाय नहुनाले द्वन्दलाई झन् चर्कन मद्दत पुऱ्याएको छ । यसका लागि निम्न कार्य गर्नेछौं :

क) सार्वजनिक खर्च व्यवस्थापनमा सुधार गर्न र नोक्सानी घटाउन सरकारी संस्थानहरुलाई नीजिकरण गर्न अरुसँग मिली काम गर्ने ।

ख) हालका आयोजनाहरुमा र क्षेत्रगत विकासमा विकेन्द्रीत पद्धति अपनाई विकेन्द्रीकरणलाई सघाउने र यसलाई दाताहरुको सहयोग पुऱ्याउन उत्साहित गर्ने ।

ग) श्री ५ को सरकारको भ्रष्टाचार निवारण रणनीति, भ्रष्टाचार निवारण निकायको सुदृढी र सरकारी बैंकहरुको सुधार र ऋण असूल गर्नमा सहयोग गरी भ्रष्टाचार कम गर्न मद्दत गर्ने ।

घ) नेपाल प्रहरीलाई बढी उत्तरदायी हुन र समुदायमा बढी केन्द्रित गर्न मद्दत गरिने र समुदाय- मध्यस्थतालाई टेवा दिई समुदाय स्तरमा सुरक्षा सुदृढ गर्नुका साथै न्यायमा पहुँच पुऱ्याउने ।

यी मुख्य क्षेत्रहरु साथै सक्षम राज्य कार्यक्रम (ई.एस.पी.) मार्फत हाम्रो कार्यक्रमहरु गरिवहरुको हितमा राजनीति पद्धतिहरुको जवाफदेहीपनलाई सुधार्न सहयोग पुऱ्याउन हामीले खोज्ने छौं । ने.स.यो.का प्राथमिकता प्राप्त क्षेत्रहरुमा केन्द्रित गर्न हाम्रो कार्यक्रमहरु पुन:संरचना गर्न लागेका छन् ।

# चार्ट १ : ने.स.यो. – उद्देश्यहरु, मुख्य परिणामहरु र मुख्य रणनीतिहरु

## गरिवी र सामाजिक वञ्चितकरण घटाउने, दिगो शान्तिको लागि आधार स्थापना गर्ने

| | | | | | |
|---|---|---|---|---|---|
| **ने.स.यो.का उच्च उद्देश्य** | | वृहत्तर आर्थिक विकास | सामाजिक विकास (मानवीय विकास समेत) | सामाजिक समावेशन र लक्षित कार्यक्रमहरु | सुशासन |
| | **शान्ति**<br>हिंसात्मक द्वन्द समाप्त गर्ने मद्दत र गरिवी र द्वन्दका कारणहरु को स्थीती सम्बोधन गर्न सक्ने वातावरण सिर्जना गर्ने | **ग्रामीण गरिवहरुको लागि विकास**<br>ग्रामीण गरिवहरुको जीवन सुधार गर्न र विविधिकरण गर्न मद्दत गर्ने | **आधारभूत सेवाहरु**<br>खास गरेर गरिव र वर्जितहरुको लागि आधारभूत सेवाहरु सुधार गर्नमा मद्दत गर्ने | **सामाजिक समावेशन**<br>महिला, वर्जित वर्ग र जनजाति समूहहरुलाई स्रोत-साधन र मौकाहरुमा बढी समान पहुच उपलब्ध गराउन मद्दत गर्ने | **शासन**<br>गरिव र वर्जितहरुको फाईदामा बढी जवाफदेही किसिमको शासन पद्धति बनाउन मद्दत गर्ने |
| **ग.नि.र.द.का स्तम्भहरु** | वार्तालापबाट हिंसा समाप्त हुने<br>द्वन्दमा संलग्न भएकाले मानव अधिकारको सम्मान<br>एकीकृत सरकारी कार्यले द्वन्दबाट हुने पीडा घटाउने<br>द्वन्द क्षेत्रहरुमा डि.एफ.आई.डि. कार्यक्रमहरु संचालन भइरहने | **ग्रामीण गरिवहरुको लागि बढी उत्तरदायी उत्पादन मूलक सेवाहरु**<br>**खाद्य, रोजगार र बजारहरुमा ग्रामीण गरिवहरुको बढी पहुँच हुने**<br>**ग्रामीण यातायात संजालहरुमा सुधार** र त्यससम्बन्धी जीवन निर्वाहका मौकाहरु | **आधारभूत स्वास्थ्यमा पहुँच बढी हुने**<br>**एच.आई.भि./एड्स फैलनमा मन्दता आउने**<br>**ग्रामीण खानेपानी र सरसफाई सेवाहरुमा सुधार**<br>**असल र बढी समानता- मूलक आधारभूत** | **महिला र वर्जित समूहहरुको हित र बढी सञ्चार हुने किसिमको सरकारी नीति**<br>महिला र वर्जित समूहहरुले सरकार र जनतालाई प्रभाव पार्न बढी समर्थन हुने र सरकारलाई उत्तरदायी बनाउन सक्ने<br>महिला र वर्जित समूहरुको पहुँच डि.एफ.आई.डि. कार्यक्रमहरुमा बढी हुने | **सार्वजनिक खर्चले गरिव जनताहरुलाई बढी फाइदा हुने**<br>सरकारमा बढी विश्वास हुने<br>गरिव जनताहरुलाई बढी सुरक्षा हुने र समुदायस्तरको न्यायमा पहाच हुने |
| **ने.स.यो.का उद्देश्यहरु*** | क्षमता अभिवृद्धि मार्फत् वार्तालापद्वारा समाधान गर्ने प्रक्रियालाई सुदृढ गर्ने<br>मनवअधिकारको ज्ञान र सम्मानलाई सुदृढ गर्ने<br>पीडा घटाउने र द्वन्दलाई शान्तिमा परिणत गर्न प्रबर्द्धन गर्ने<br>सरकार र अरुहरुलाई द्वन्द संवेदनशील विकासपथ विकास गर्न मद्दत गर्ने | कृषि सेवाहरु र बजार पहाचका लागि नयाा बाटोहरुको विकास गर्ने<br>ग्रामीण पहाच नीत र चलनलाई सुधार्ने र वन व्यवस्थापन र खाद्य सुरक्षाको लागि बढी कार्यक्रमहरुमा सहयोगतर्फ लाग्ने<br>सिंचाई र ग्रामीण व्यवसाय विकासको सहयोगमा अन्वेषण गर्ने<br>व्यापार नीतिबाट दुवै गरिव ग्रामीणमा हुने असर ठीक गर्न मद्दत गर्ने | स्वास्थ्य क्षेत्रतिर बढ्ने<br>सुरक्षित मातृत्व, क्षयरोग, प्रजनन् स्वास्थ्य, एच.आई.भि./एड्स कार्यक्रमहरुलाई टेवा दिने<br>ग्रामिण खानेपानी र सरसफाईको लागि कार्यक्रम अगाडि बढाउने<br>प्राथमिक र आधारभूत शिक्षाको उप-क्षेत्र कार्यक्रमहरु विकास गर्न, श्री ५ को सरकारलाई मद्दत गर्ने र रकम दिन विचार गर्ने | सरकारी गरिवी अनुगमन गर्ने पद्धति सुधार्न मद्दत गर्ने<br>निजामती सेवामा सकारात्मक कार्यको लागि टेवा दिने<br>वर्जित जात/जनजाति समूहका प्रतिनिधि संगठनहरुलाई सुदृढ गर्ने<br>छानिएका जिल्लाहरुमा एकीकृत प्रयासहरुद्वारा डि.एफ.आई.डि. कार्यक्रमहरुले सामाजिक समावेशनलाई प्रवर्द्धन गर्न सुनिश्चित गर्ने | ठिक प्राथमिकता र नियन्त्रण मार्फत् सार्वजनिक स्रोत-साधनहरुको उपयोगमा सुधार्न मद्दत गर्ने<br>विकेन्द्रीकरणलाई टेवा दिने<br>भ्रष्टाचार कम गर्न मद्दत गर्ने<br>प्रहरी सुधारको लागि मद्दत गर्ने र समुदाय मध्यस्थतालाई टेवा दिने |

मोटो अक्षरमा लेखिएका ने.स.यो. मूख्य परिणामहरु विश्व बैंकका देशीय सहयोग रणनिती संग मेल खान्छन ।

* यी रणनितीको सारांसलाई तेश्रो भागम विस्तृत गरिएको छ ।

## च. जोखिम व्यवस्थापन र अनिश्चितताको सामना

२.१९ एकदम अनिश्चित वातावरणमा ने.स.यो. कार्यान्वयन हुँदैछ। द्वन्द समाधान गर्नु भनेको एक कठिन र लामो प्रक्रिया हो। त्यसैले हिंसात्मक भिडन्तहरु बराबर भइरहनेछन्। यस्तो परिस्थितिसँग सामना गर्न हामी लचिलो भई सुरक्षा र राजनीतिसँग सम्बन्धित धम्की को उचित सामना तथा मौकाहरुको उचित प्रयोग गर्नु पर्नेछ। यस्तो अवस्थामा कर्मचारीहरुको सुरक्षा हाम्रो सर्वोपरी चासोको विषय हुनेछ। मौकाहरु अपर्झट पैदा हुन सक्तछन् वा तुरुन्त हराउन सक्तछन्। त्यसैले हामीले चाँडो प्रतिक्रिया जनाउन सक्नु पर्दछ। उदाहरणको लागि चाँडो प्रभाव पार्ने आयोजनाहरुतिर लाग्नुपर्ने हुन्छ वा स.आ.स.हरु मार्फत् काम गर्नु पर्ने हुन्छ। यी कुराहरुमा हामीले चाँडो प्रतिक्रिया सुनिश्चित गर्नको लागि हामीले हाम्रो कार्यविधिहरुलाई मूल प्रवाहमा ल्याउँदैछौं। अवस्थाको दैनिक अनुगमन र मूल्यांकनको आधारमा हाम्रा कार्यक्षेत्रमा रहेका कर्मचारी र साझेदार गै.स.स. को जोखीम हेर्दछौं। साथमा द्वन्दको मूल प्रवाहमा संवेदनसिल विकासकोलागी संकटकालीन जोखिम व्यवस्थापनका प्रणाली र प्रकृया निर्माणगर्दै द्वन्द क्षेत्रमा कर्मचारी तालिम संचालन गर्दछौं। अन्य १० दातृ संस्थासँग काम गर्दा हामीले आधारभूत कार्यगत निर्देशिकाको निर्माण र कार्यान्वयन गरि सकेका छौं। अरु सँग कामगर्दा विकास प्रकृया बढाउन र अन्यौल न्यूनिकरण गर्न हामी सुरक्षा निकाय सँग राम्रो संम्बन्धको लागी समन्वय गर्दछौं। यस कार्यको अगुवाई **DFID** र जि.टि.जेड. को संयुक्त जोखीम व्यवस्थापन कार्यालयले गर्नेछ।

२.२० शान्ति स्थापना हुनुभन्दा पहिले बेलाबखतमा हिंसात्मक भिडन्तहरुका दृश्यहरु सम्भावित हुन्छन् तर यो द्वन्द पूरा जनयुद्धमा परिणत हुनसक्ने सम्भावना छैन भन्न सकिदैन। त्यसैले हाम्रो कार्यक्रमहरुलाई एकदम परिवर्तनशील बनाउन आवश्यक परिस्थिति अनुसार नयाँ कार्यक्रम सञ्चालन गर्ने विचारहरुलाई स्थगित गरी खाली मानवीय सहयोग मात्र पुऱ्याउनु पर्ने अवस्था हुन सक्तछ। कार्य स्थानमा रहने कर्मचारीहरुको सुरक्षा जोखिम बढ्नेछ। कर्मचारीहरुको सुरक्षा वा कार्यक्रमको सिमित उपलब्धिमात्र हुने भएमा हामीले कार्यक्रमहरु स्थगित गर्नु पर्ने अवस्था आउन सक्तछ।

## छ. कार्यक्रमको लागि स्रोत-साधनहरु

२.२१ हामीले कति सहयोग दिन सक्तछौं र कसरी दिन सक्तछौं भन्ने कुरा अनिश्चित छ। श्री ५ को सरकारले एकदम सुधारवादी कार्य गऱ्यो भने बढी विकास सहयोग दिनुपर्ने हुन्छ। हिंसात्मक भिडन्तका कारण हामीले विकास कार्यमा पुऱ्याउन सक्ने सहयोग प्रभावहिन हुनसक्तछ, तर मानवीय सहयोग बढी मात्रामा चाहिने हुन सक्दछ।



एक ग्रामीण स्वास्थ्य चौकीमा स्वास्थ्यकर्मी औषधी वितरण गर्दै: जुम्ला जिल्ला (मध्य पश्चिम पहाड)

२.२२ यी अनश्चितताहरु भए पनि सुधारको लागि प्रोत्साहन दिन हामीले नेपालमा कार्यक्रम बढाउने योजना बनाउने छौं । द्वन्दका कारकहरुलाई समाधान गर्न सुधारका उपायहरुको कार्यान्वयनमा राम्रो प्रगति हुन्छ भने धारणाले यो गरिरहेका छौं । आई.ए.पी. र एम.टि.ई.एफ. को सन्दर्भमा प्रगतिलाई मूल्याङ्कन गरिनेछ र साथै ग.नि.र.द. सञ्चालन भएपछि यसको अनुगमन सन्दर्भमा पनि प्रगति मूल्याङ्कन गरिनेछ । आई.एफ.आई. कार्यक्रमहरुको शर्तहरु अनुसार भए नभएको पनि विचार गरिनेछ । यी कुराहरु भएमा प्रत्यक्ष वजेट सहयोग दिनमा हामीले विचार गर्ने छौं र यस्तो सहयोग शायद विश्व बैंकको गरिवी निवारण ऋण कोष अन्तर्गत दिन सकिनेछ । वजेट सहयोग दिने कुरा वृहत वातावरण र विश्वासका जोखिमहरुको मूल्याङ्कनमा भर पर्नेछ ।

तालिका २ : **DFID** नेपाल सहयोग रुपरेखा दश लाख पाउण्ड स्टर्लिङ्गमा

| | २००३/०४ | २००४/०५ | २००५/०६ |
|---|---|---|---|
| **DFID** नेपाल द्वीपक्षीय कोष | २६ | ३५ | ४७ |

टिप्पणी : यी साँकेतिक अंकहरु मात्र हुन् । यिनीहरुमा जि.सि.पी.पी. मार्फत सहयोग र प्रशासनिक खर्चहरु समावेश छैन (जुन अन्दाजी २० लाख पाउण्ड प्रति वर्ष हुन आउँछ) । आर्थिक वर्ष २००६/०७ को लागि वजेट विनियोजन गर्नु बाँकी नै छ ।

२.२३ नेपालमा जि.सि.पी.पी. संयुक्त रणनीतिको अंशको अनुरुप **DFID** ले संयुक्त अधिराज्य अन्तर्राष्ट्रिय अन्तर विभागीय जि.सि.पी.पी. बाट पनि रकम प्राप्त गर्दछ ।

## ज. प्राथमिकीकरण

२.२४ मौका अनुसारको कार्यक्रम गर्नुपर्ने परिस्थिति भएता पनि व्यवहारमा स्रोत-साधनहरु र कर्मचारीहरुको समयको उपयोगको नियन्त्रणको लागि कार्यक्रमहरु के मा केन्द्रित गर्ने भनी केही निर्णयहरु लिनुपर्ने हुन्छ । हामीले आशा गरे अनुसार कुनै पनि क्रियाकलापले ने.स.यो.को प्रयोजन, ग.नि.र.द.का उद्देश्यहरु र **DFID** सार्वजनिक सेवा सम्झौताका लक्ष्यहरु हासिल गर्नलाई योगदान पुग्ने खालका हुनुपर्दछ ।[७]

२.२५ शान्ति स्थापना सम्बन्धमा हाम्रो प्राथमिकताहरु शान्ति प्रक्रियालाई सहयोग गर्नु र भिडन्तले असर पारेका समुदायहरुलाई विकासका फाइदाहरु प्रदान गर्नु हुनेछन् । ग्रामीण गरिव जनताहरुको विकास बृद्धि गर्ने लक्ष्यको सम्बन्धमा हाम्रो प्राथमिकताहरु गरिव जनताहरुको लागि कृषि र वन सेवाहरुलाई सहयोग गर्नु, बीउ उत्पादनको लागि बजार संयन्त्रहरु, र ग्रामीण पहुँचको लागि टेवा दिनु नै हुनेछन् । आधारभूत सेवाहरुको सम्बन्धमा हाम्रा प्राथमिकताहरु सुरक्षित मातृत्व, क्षयरोग कार्यक्रम, ग्रामीण खानेपानी र सरसफाई र एच.आई.भि/एड्स कार्यक्रमहरुलाई सहयोग गर्नु नै हो । सामाजिक समावेशनको सन्दर्भमा हाम्रो प्राथमिकताहरु महिला र वर्जित समूहहरुको **DFID** कार्यक्रमहरुमा पहुँच पुऱ्याउनु, ग.नि.र.द.को गरिवी अनुगमन पद्धतिलाई सहयोग गर्नु र श्री ५ को सरकारको सकारात्मक कार्यलाई टेवा दिनु नै हुन् । शासनको सम्बन्धमा हाम्रो प्राथमिकताहरु सामुदायिक न्याय पद्धतिहरुलाई सुदृढ गर्नु, सार्वजनिक खर्च व्यवस्थापन र भ्रष्टाचार विरुद्ध कार्यहरु सुदृढ गर्नु हो । विकेन्द्रीकरणलाई सहयोग गर्नु पनि हाम्रो प्राथमिकता हो, तर शुरुमा हाम्रो विषयगत कार्यक्रम मार्फत् यसलाई सहयोग गर्न सकिनेछ ।

[७] **DFID** को सार्ववनिक सेवा सम्झौताको विस्तृती www.dfid.gov.uk मा हेर्नुहोस् ।

## झ. अनुगमन र प्रतिवेदन

२.२६ ने.स.यो.को भाग तीनमा उल्लेख भएका सूचनाहरु अनुसार नै ने.स.यो.को परिणामहरु र उद्देश्यहरुको प्रगति अनुगमन गरिनेछ। ने.स.यो.को वार्षिक समीक्षाको एक अंशको रुपमा हामीले लगानी र उपलब्धिहरुबारे वार्षिक रुपमा र प्रगति चाहिं ने.स.यो.को अवधिभरको प्रतिवेदन दिनेछौं। हामीले कार्यक्रमगत जीवन निर्वाह र सामाजिक समावेशन अनुगमन पद्धति विकास गर्न लागेका छौं, जसले गर्दा यी क्षेत्रहरुमा ठिकसँग प्रगति मापन गर्न सकिनेछ। ग.नि.र.द. अनुगमन पद्धति विकास गर्न हामी अन्य निकायहरुसँग मिलि श्री ५ को सरकारलाई मद्दत गर्न लागेका छौं। हाम्रा कार्यक्रम ग.नि.र.द. सँग मिलान गरिनेछ।

२.२७ **DFID** एसिया निर्देशकको कार्यान्वयन योजना अन्तर्गत **DFID** नेपालको प्रतिवद्धताहरुबारे प्रतिवेदन गर्ने ने.स.यो.को तेस्रो भाग पनि उपयोग गर्नेछ। जस मार्फत् हामीले **DFID** को सार्वजनिक सेवा सम्झौतामा योगदान पुऱ्याउँछौं। ती प्रतिवद्धताहरुमा निम्न कुराहरु समावेश छन्: ग.नि.र.द. र एम.टि.ई.एफ.को विकास र अनुगमनको लागि सहयोग गर्नु, एफ.सि.ओ. र एम.ओ.डि. सँग मिलेर द्वन्द समाधान रणनीतिलाई कार्यान्वयन गर्नु र प्रभावकारी र समानतामूलक स्वास्थ्य क्षेत्रका कार्यक्रमहरुलाई योगदान दिनु।

## ञ. दीर्घकालीन विकास

२.२८ दीर्घकालीन समयमा गरिने विकासको कार्य ने.स.यो.को भविष्यमा केन्द्रित गर्नेछ, - सम्भवत द्वन्द समाधान पश्चात। हाल हामीले दीर्घकालीन विकासको निर्धारकहरुको र परिवर्तनका चालकहरुको आधारमा हाम्रो कार्यक्रमहरुको सन्तुलनको समीक्षा गर्नु पर्नेछ।



नेपालको मुख्य खाद्य सामाग्रीहरू उत्पादन हुने तराईमा खेत जोतिरहेका किसानहरू

## नेपाल सहयोग योजना तयार गर्न अपनाएको प्रक्रियाको सारांश

१. नेपालमा **DFID** को कार्यालय सन् १९९९ सालमा खोलेपछिको विकास अनुभव र हाम्रो देशीय रणनीति दस्तावेज (१९९८-२००२) को समीक्षा सन् २००२ सालको जुन देखि अक्टोवरसम्म गरेका थियौ । उक्त समीक्षामा हाम्रो कार्यक्रमहरुमा द्वन्दले पारेको प्रभावको मूल्याङ्कन र ती कार्यक्रमहरुले द्वन्दले असर पारेका क्षेत्रहरुमा पारेको प्रभावको मूल्याङ्कन समावेश गरिएको थियो ।

२. समीक्षाहरुबाट उब्जेका मुख्य सन्देशहरुको विश्वसनीयता जाँच गर्न स्थानीय रुपमा वृहत सल्लाह प्रक्रिया अपनाएको थियो ।[छ] सल्लाह लिएका समूहहरुमा सरकारी अधिकारीहरु र राजनीतिज्ञहरु, नागरिक समाज र नीजि क्षेत्रका व्यक्तिहरु, पत्रकारहरु, **DFID** नेपालका कार्यस्थल र मुख्य कार्यालयका कर्मचारीहरु, कार्यक्रम-व्यवस्थापकहरु र वृहत विकास र कुतनीतिक समुदायका व्यक्तिहरु परेका थिए । उक्त सल्लाह प्रक्रियाबाट उब्जेका सन्देशहरुलाई ने.स.यो. तयार गर्न उपयोग गरियो ।

३. ने.स.यो. विकास गर्ने प्रक्रिया समन्वय गर्न एउटा मुख्य टोली गठन गरिएको थियो । ग.नि.र.द. र **DFID** कार्यक्रम सहयोग र तिनीहरुको उद्देश्यहरु र प्रयोजनको विचार लिन, तीन दिन बाहिर सरसल्लाह सभा गरेका थियौं । हरेक दिनमा २०-३० **DFID** कर्मचारीहरुले यसमा भाग लिएका थिए । बेलायती दूतावास, **DFID** बङ्गलादेश र **DFID** एसिया निर्देशनालयका प्रतिनिधिहरु पनि यसमा सम्मिलित भएका थिए ।

४. प्रगतिको सुसूचित गर्न र अन्य प्रक्रियामा संलग्न हुन बाहिर सल्लाह सभामा भाग लिन नसकेका स्थानीय कर्मचारीहरुलाई ‘नेपाली भाषामा अध्यावधिक तथ्यहरु प्रस्तुत गरियो । ने.स.यो. तयार गर्ने प्रक्रियामा अन्तर कार्यालय अध्ययनको सिलसिलामा मुख्य टोलीले **DFID** बङ्गलादेश सँग नजिक भएर काम गरे र तिनीहरुको ने.स.यो. सल्लाह सभामा भाग लिए ।

५. **DFID** र विश्व बैंकको सहयोगका अवसरहरु पहिचान गर्न र ग.नि.र.द.लाई मान्यता दिन विश्व बैंकसँग एक दिनको संयुक्त छलफल कार्य गरियो । हामीले एन.ओ.आर.ए.डि. सँग पनि नजिक भएर काम गर्न र रणनीति समन्वयको अवसरको लागि पनि छलफल गर्‍यौं ।

६. कार्यक्रमका पांच उद्देश्यहरु **DFID** ले कसरी हासिल गर्न सक्तछ भन्ने विचारहरु विकास गर्नको लागि उद्देश्य टोलीहरु गठन गरियो । कार्यालय प्रमुख र मुख्य टोलीसँग छलफल गरी यी धारणाहरुलाई विकास गर्नुका साथै परिमार्जित गरियो । ने.स.यो.को भाग १ र २ को पहिलो मस्यौदा तयार गर्न वाहय परामर्शदातृलाई लगाइयो । त्यसपछी कार्यालय प्रमुखको सुपरीवेक्षणमा मुख्य टोलीले यसलाई विकास गर्‍यो ।

७. स्थानीय साझेदारहरु जस्तै सरकारी मुख्य अधिकारीहरु, दाताहरु, नागरिक समाज, अ.गै.स.स., गै.स.स. मञ्चहरु, प्रतिष्ठित नेपाली टीप्पणीकर्ताहरु, बेलायती राजदूत र राजदूतावासका कर्मचारीहरु र **DFID** कार्यक्रम र आयोजना कर्मचारीहरुलाई ने.स.यो.को मस्यौदामा टिका-टिप्पणी गर्न आमन्त्रित गरियो ।

८. **DFID** नेपाल टोलीले मन्त्रीहरु र **DFID** भित्रका विभिन्न चासो लिने पक्षहरु, अन्य सरकारी विभाग र बाह्य संगठनका व्यक्तिहरुबाट टिका टिप्पणी गराउन र त्यसमा प्रतिक्रिया जनाउनका लागि **DFID** को लण्डन मुख्य कार्यालयमा सन् २००३ सालको सेप्टेम्बरमा सरसल्लाह सभा आयोजना गरियो ।

---

[5] मुख्य सन्देशहरु लिइएका अध्ययनहरु निम्न बमोजिमका छन् :

- देशीय रणनीति समीक्षा (हरि कृ. उपाध्याय, सौरभ सिंहा, सुमित्रा मानन्धर गुरुङ्ग, रमेश अधिकारीको सहयोगले, अगस्ट २००२)
- दाता समन्वयवाट सिकेका सकारात्मक शिक्षाहरुको समीक्षा (संगठन विकास केन्द्र, अगस्त २००२)
- विकास सहयोगमा जवाफदेहीको अध्ययन (संगठन विकास केन्द्र, अगस्त २००२)
- नेपाल रणनीतिक द्वन्द मूल्याङ्कन (टोनी भाउक्स, अक्टोवर २००२) र
- कार्यक्रम तह द्वन्द मूल्याङ्कन (टोनी भाउक्स र शोभा गौतम, जोनाथन गुडहाण्ड, मंदिरा शर्मा र रवर्ट वाकरले गरेका केश अध्ययनहरु अगस्त २००२)

यी प्रतिवेदनहरुको प्रतिलिपि रेवेका गोडार्डबाट प्राप्त गर्न सक्नु हुनेछ । (R-Goddard@dfid.gov.uk)

## नेपालमा भएको द्वन्द र उल्लेखनीय घटनाक्रम, १९९६-२००३

### सारांश

सन् १९९६ देखी सुरु भएको द्वन्दले करिब १०,००० जना जति व्यक्तिहरुको मृत्यु भइसकेका छन् । तिनीहरुमध्ये धेरैजसो साधारण नागरिक परेका छन् । जस मध्ये सन् २००२ मा मात्र करिब ५,००० जनाको मृत्यु भएको थियो । गैर-कानुनी तरिकाले वेपत्ता गरिएका व्यक्तिहरुको संख्याको दर सन् २००२ मा संसारको सबैभन्दा बढी भएको थियो ।

**१९९६**

फेब्रुअरी ४ — नेपालको कम्युनिस्ट पार्टी (माओवादी) ले ४० बुँदे माग श्री ५ को सरकारमा प्रस्तुत यदि सरकारले उक्त मागलाई बेवास्ता गरेमा सशस्त्र आन्दोलनको चेतावनि ।

फेब्रुअरी १३ — पश्चिमी तीन जिल्लाहरुमा २०० माओवादीहरुले खुकुरी र घरमा बनाएका बन्दूकहरु लिई प्रहरी र राजनीतिक कार्यकर्ताहरुमा हमला गरी 'जनयुद्ध' सुरु । माओवादी कार्यक्रम: सामाजिक, आर्थिक र राजनीतिक मागहरुको सम्मिश्रण ।

**१९९८**

मे — मध्य पश्चिममा प्रहरीले किलोसेरा-२ सञ्चालन गरे । प्रहरीले हजारौं नागरिकहरुलाई मारेको, यातना दिएको र जर्वजस्ती करणी गरेको तथ्य प्रकाशमा ।

**१९९९**

डिसेम्बर — माओवादी समस्याको समाधानको लागि सुझावहरु पेश गर्न श्री ५ को सरकारद्वारा शेरबहादुर देउवाको नेतृत्वमा उच्चस्तरीय समिति गठन ।

**२०००**

सेप्टेम्बर २५ — माओवादीहरुद्वारा डोल्पा जिल्ला सदरमुकाममा हमला । यस्तो किसिमको पहिलो हमला ।

सेप्टेम्बर २७ — श्री ५ को सरकार र माओवादीहरुबीच एक आपसमा पहिलो सम्पर्क ।

**२००१**

फेब्रुअरी २५ — नेपालको परिप्रेक्षमा अँगालिएको माओवादीहरुको सिद्धान्तको रुपमा 'प्रचन्ड पथ' नामक नयाँ सिद्धान्तको घोषणा ।

जुन १

नारायणहिटी दरवारकाण्ड– राजा वीरेन्द्र र उनका परिवार सबै मारिए । अनुसन्धानबाट तत्कालीन युवराजाधिराज त्यसको लागि जिम्मेवार ठहर ।

जुलाई १२

माओवादीहद्वाराले ६९ जना प्रहरीहरुको अपरहण ।

जुलाई २५

शेरबहादुर देउवा प्रधानमन्त्री । युद्ध विरामको घोषणा ।

अगस्ट ३०

नोभेम्बर १३

श्री ५ को सरकार र माओवादीबीच दुईपटक शान्ति वार्ता ।

नोभेम्बर २३

चार महिनापछि युद्धविराम भङ्ग, माओबादीद्वारा ठूलो समन्वयात्मक हमला, शा.ने.से.लाई समेत ।

नोभेम्बर २६

संकटकालको घोषणा/शा.ने.से.भिडन्तमा सामेल । मौलिक अधिकारहरुको कटौति र माओवादीहरु आतंङ्कारी घोषित ।

२००२

सन् २००२ सालभर अपूर्व हिंसा । शा.ने.से. र माओवादीहरुबीचको 'निष्क्रियतालाई भङ्ग गर्दै' । माओवादीहरुद्वारा प्रभावकारी रुपमा धेरैजसो पहाडी क्षेत्रहरुमा नियन्त्रण । सरकारी फौजहरुको नियन्त्रण जिल्ला सदरमुकामहरु, शहरी क्षेत्रहरु र दक्षिणी समथल भागहरुमा सीमित ।

फेब्रुअरी १६

अछामको जिल्ला सदरमुकाम मंगलसेनमा ठूलो माओवादी हमला । एकसय भन्दा बढी शा.ने.से.का जवानहरु मारिए । सेनाले आक्रमणकारीहरु माथि हमला गर्दा कालिकोट विमानस्थल निर्माणमा लागेका कामदारहरुमाथि पनि हमला हुँदा ६० जना भन्दा बढी मारिए ।

अप्रिल

एमनेस्टी इन्टरनेशनलद्वारा दुवै पक्षहरुबाट मानवअधिकार उल्लंघन भएको आरोप ।

अप्रिल २३

श्री ५ को सरकारद्वारा माओवादी नेताहरुका टाउकोको मोल तोक्ने कार्य ।

| | |
|---|---|
| मे | संसद भङ्ग । अध्यादेश मार्फत् श्री ५ को सरकारद्वारा संकटकालीन समयअरु तीन महिनाको लागि थप । प्रधानमन्त्री देउवाद्वारा नोभेम्बरमा आमनिर्वाचन गर्ने घोषणा । |
| जुन | लण्डन सम्मेलन–संकटमा अन्तर्राष्ट्रिय समुदायको प्रक्रिया कसरी समन्वयन गर्ने बारे छलफल गर्न अन्तरीष्ट्रय समुदायको उच्च स्तरीय सम्मेलन । |
| जुलाई ८ | बजेट घोषणा– पहिलो वर्षको अनुमानित वजेटको तुलनामा ४४% ले सुरक्षा बजेटमा बृद्धि । |
| जुलाई | स्थानीय सरकारका पदाधिकारीहरुको पदावधि समाप्त र पदावधि बढाईएन । निजामती कर्मचारीद्वारा स्थानीय शासन सञ्चालन । |
| अगस्ट १२ | इन्टरपोलद्वारा माओवादी नेताहरुको नाममा रेड कर्नर सूचना जारी । |
| अगस्ट २७ | संकटकालिन अवधि समाप्त हुन दिएको । नोभेम्बरमा आम निर्वाचन हुने कुरामा शंका । |
| अक्टोवर ४ | चुनाव ढिलाई गर्न र सर्वदलीय सरकारको लागि सबै राजनीतिक दलहरुसँग सहमति भएको प्र.मं. देउवाको घोषणा । राजा ज्ञानेन्द्रद्वारा देउवालाई पदबाट निकाला गरेको घोषणा, चुनाव अनिश्चितकालको लागि स्थगित र कार्य-कारिणी अधिकार राजामा । |
| अक्टोवर ११ | राजा ज्ञानेन्द्रद्वारा लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्रीमा नियुक्त । राजनीतिक दलहरुद्वारा राजाको कदमको निन्दा । |
| डिसेम्बर ३ | माओवादीहरुले 'केन्द्रीय वार्ता टोली' गठन भएको घोषणा । |

## २००३

| | |
|---|---|
| जनवरी २६ | सशस्त्र प्रहरी का प्रहरी महा-निरीक्षक को हत्या । |

जनवरी २९

दोस्रो पटक युद्धविराम घोषणा। श्री ५ को सरकारले माओवादीलाई आतंककारी घोषणाको फिर्ता र अन्तर्राष्ट्रिय पक्राउ वारेन्ट पनि फिर्ता। माओवादीहरुद्वारा औपचारिक रुपमा सुरक्षा फौज, सरकारी र नागरिकहरु विरुद्ध दुश्मनी कारवाही बन्द।

मार्च

श्री ५ को सरकार र माओवादी दुवैले युद्धविरामको आचार संहितामा सहमति। माओवादी नेताहरु भूमिगत अवस्थाबाट बाहिर काठमाडौंमा।

अप्रिल २७

शान्ति वार्ता : श्री ५ को सरकार र माओवादीबीच पहिलो चरणको वार्ता सुरु।

मे ८

सर्वदलीय सरकार गठन गर्न र संसद पुनःस्थापनाको लागि राजनीतिक दलहरुको संगठित आन्दोलन सुरु।

मे ९

शान्ति वार्ता : दोस्रो चरणको वार्ता शा.ने.से.लाई व्यारेकको पाँच कि.मि.भित्र सीमित राख्नेबारे सहमित भए नभएबारे कटुतापूर्ण बहस।

मे ३०

प्र.मं. चन्दको पदबाट राजिनामा। राजाबाट प्र.मं पदको लागि उम्मेदवार मनोनयन गर्न सबै राजनीतिक दलहरुलाई आह्वान। सात दलहरुमध्ये पाँच दलहरु (संसद सदस्यहरुको ९०%) नेकपा (एमाले) नेता माधवकुमार नेपालको चयन।

जुन ४

राजाले सूर्यबहादुर थापालाई प्र.मं. पदमा नियुक्त गरेको।

जुन
जुलाई

पछिल्लो चरणको वार्तामा के सहमति भएको भन्ने कुरालाई लिएर विवाद चर्केकाले, माओवादी र श्री ५ को सरकारबीच पुनः वार्ता हुन सकेन। माओवादी नेताहरु काठमाडौंबाट विलिन र तिनीहरुको सम्पर्क कार्यालय बन्द। माओवादीहरुले बलजफ्ती चन्दा संकलन, अपहरण र तिनीहरुको सेनामा भर्ना गर्ने कार्य एकदम बढाएको कुरा प्रकासमा। माओवादीहरु र शा.ने.से.बीच बराबर गोली हानाहान, बम विस्फोटन गराउने र पक्राउ गर्ने कार्यहरु। माओवादीहरुले शान्ति वार्ता भङ्ग गर्ने धम्की दिएको। श्री ५ को सरकारद्वारा अन्त्यमा तीन वरिष्ठ माओवादी कैदीहरुलाई रिहा। माओवादीहरुद्वारा वार्तालाप पुनः सञ्चालन गर्न सहमति।

अगस्ट-सेप्टेम्बर

माओवादीहरुको वार्ताको लागि केन्द्रीय विषयवस्तु बन्नेको संविधान सभा बारे असहमति भएको कारणले शान्ति वार्ताको तेस्रो चरण भङ्ग। केही समय पश्चात माओवादीहरु द्वारा औपचारिक रुपमा युद्धविराम समाप्त भएको घोषणा। हिंसामा व्यापकता, सरकारी र सुरक्षा फौजहरुमाथि लक्ष्य गरेर माओवादीहरुले हत्या र बम प्रहार गर्ने कार्य काठमाडौंमा समेत गर्न शुरु।

## शहस्राब्दि विकास लक्ष्यहरु हासिल गर्नेतर्फ

| | नेपाल | | | | क्षेत्र |
|---|---|---|---|---|---|
| | १९९० | १९९५ | २००१ | २०१५ लक्ष | दक्षिण एसिया[क] |
| १. गरिवी र भोक निवारण गर्ने | | | | | |
| एक डलर भन्दा कम आय भएको जनसंख्या (%) | – | ३७.७ | – | –[ख] | ३६.६ |
| २.सर्वव्यापी प्राथमिक शिक्षालाई हांसिल गर्ने | | | | | |
| खुद प्राथमिक भर्ना अनुपात(% सम्बन्धित उमेर समूहको) | ६४[ग] | – | ७२[२०००] | १०० | – |
| ३. लिंग समानतालाई प्रवर्द्धन गर्ने | | | | | |
| प्राथमिक र माध्यमिक विद्यालयहरुमा छात्रा र छात्रहरुका अनुपात (%) | ५३ | ६४ | ८२[२०००] | १००[२००५] | ८१ |
| ४.बाल मृत्युदर घटाउने | | | | | |
| पाँच वर्षमुनिका मृत्यदर (१००० जिउँदो जन्मेकोमा) | १४५ | १२० | ९१ | ४८ | ९९ |
| ५.मातृ स्वास्थ्य सुधार गर्ने | | | | | |
| सीपयुक्त स्वास्थ्यकर्मी द्धारा प्रसूति सेवा (% जम्माको ) | ८ | – | १२ | [घ] | ४२ |
| ६.वातावरणलाई दिगो गर्न सुनिश्चित गर्ने | | | | | |
| सुधारिएको खानेपानी स्रोतमा पहुँच (जनसंख्याको %)[ङ] | ६६ | – | ८१[२०००] | ८३ | ८४ |
| सहयोग र स्रोत साधनहरुको आवश्यकता | | | | | |
| संयुक्त अधिराज्य द्विपक्षीय सहयोग (पाउण्ड दस लाखमा) | – | – | २३ | – | – |
| जम्मा द्विपक्षीय सहयोग (पाउण्ड दस लाखमा) | – | – | १८८ | – | – |
| संयुक्त अधिराज्यको भागमा परेको जम्मा द्विपक्षीय सहयोग | – | – | १२ | – | – |
| सबै स्रोतहरुबाट जम्मा सहयोग | – | – | २६५ | – | २६५४ |
| प्रति गरिव व्यक्ति-जम्मा सहयोग-पाउण्ड) | – | – | ३० | – | ५ |
| साधारण सूचकहरु | | | | | |
| जनसंख्या -दस लाखमा) | १८ | २० | २४ | – | १,४०० |
| कुल राष्ट्रिय आय प्रति व्यक्ति (डलरमा) | २२० | २२० | २५० | – | ४५० |
| जन्मेको समयमा आशा गर्न सक्ने आयु (वर्षमा) | ५३ | ५६ | ५९ | – | ६३ |

टीप्पणीहरु :

(क) हालसालैका वर्षहरुमा प्राप्त १९९९-२००१ सम्मका दक्षिण एसियाको लागि आंकडा ।

(ख) आधार रेखा अङ्कभन्दा लक्ष आधा हुनुपर्दछ । सन् १९९० सालको लागि डलर प्रति दिन अन्तर्राष्ट्रिय गरिवरेखा तथ्याङ्क नभएकोले लक्ष निर्धारण गर्न सकिएन । नेपालको ग.नि.र.द.मा उल्लेख भए अनुसार १९९५/९६ को राष्ट्रिय गरिवी ४२% बाट २००७ सम्ममा ३०% झार्ने ।

(ग) स्रोत: नेपालको शिक्षा मन्त्रालय ।

(घ) सन् १९९० को मातृ मृत्युदरलाई ३/४ ले घटाउने लक्ष्य छ । तैपनि मातृ मृत्यु दरको भरपर्दो तथ्याङ्क तुरुन्त प्राप्त नभएकोले (मातृ मृत्युदर ५०० देखि ८०० प्रति १००,००० जिउँदो प्रसुतिमा) त्यसको सट्टा विस्तृत प्रगतिको लागी सीपयुक्त स्वास्यकर्मी द्धारा प्रसुती सेवा पु-याएको तथ्याङ्क राखेको ।

(ङ) सुधारिएको उचित खानेपानी स्रोतमा पहुँच भन्नाले घरमा जडान गरेको धारा, सार्वजनिक धारा, भूमीगत श्रोत बाट निकालिएको पानी वा सुरक्षित इनार सम्झनुपर्दछ । उचित पहुँच भन्नाले कम्तिमा पनि २० लिटर प्रति व्यक्ति प्रति दिन बसोबास गरेको ठाउँबाट एक कि.मि.भित्र प्राप्त हुनुपर्दछ ।

स्रोत: विश्व विकास सूचकहरु, २००३: भू-आर्थिक परिदृश्य २००३: अन्तर्राष्ट्रिय विकासको तथ्याङ्क २००२